# प्रहरी दर्पण
# POLICE MIRROR

**२०५६** **1999**





# शुभकामना सन्देश

श्री ५ बडामहारानी सरकारको स्वर्ण शुभजन्मोत्सवको सुखद् उपलक्ष्यमा प्रहरी संगठनबाट गत वर्षभित्र भएका विभिन्न क्रियाकलाप र गतिविधिहरु तथा भविष्यका कटिवद्धता समेत झल्किने सँगालोको रूपमा "प्रहरी दर्पण" २०५६ प्रकाशित हुन लागेकोमा मलाई खुशी लागेको छ । यो प्रकाशन नेपाल प्रहरीको कार्यक्रमवारे चाख राख्ने सवैका लागि लाभप्रद हुने विश्वास लिएको छु ।

मुलुकमा शान्ति, सुरक्षा र सुव्यवस्था कायम राख्ने, अपराध नियन्त्रण र अनुसन्धान गर्नेजस्ता अत्यन्त चुनौतीपूर्ण एवं संवेदनशील कार्यमा अहोरात्र संलग्न नेपाल प्रहरीलाई बौद्धिक खुराकको रूपमा यस प्रकाशनले अझ सक्षम र प्रभावकारी बनाउनमा सहयोग पुऱ्याउने छ भन्ने लागेको छ। यस महत्वपूर्ण कार्यमा संलग्न सम्वन्धित सवैलाई धन्यवाद दिन चाहन्छु ।

श्री ५ बडामहारानी सरकारको स्वर्ण शुभजन्मोत्सवको सुखद् उपलक्ष्यमा मौसूफ सरकारको सुस्वास्थ्य एवं दीर्घायुका लागि हार्दिक मंगलमय शुभकामना अर्पण गर्दछु ।

पूर्ण बहादुर खड्का
गृह र सूचना तथा संचार मन्त्री

# MESSAGE

I am glad to note that 'The Police Mirror 1999' is being published by Nepal Police to mark the auspicious Golden Jubilee Birthday of *Her Majesty the Queen*, which covers round the year professional activities of the past year and glimpse of future policing strategy. I am confident that this publication would prove useful to all those interested in Police activities.

I believe that this publication would further enable to enhance professional learning of Police personnel who are engaged round the clock to control and detect crimes and maintain law and order in the country. I would like to thank them all for their outstanding performance in law enforcement.

On the auspicious occasion of the Golden Jubilee Birthday of *Her Majesty the Queen*, I would like to sincerely express my best wishes for the good health and long life of *Her Majesty*.

**Purna Bahadur Khadka**
Minister for Home, Information and Communications



## शुभकामना सन्देश

श्री ५ बडामहारानी ऐश्वर्य राज्यलक्ष्मी देवी शाह सरकारको स्वर्ण शुभजन्मोत्सवको पुनीत अवसरमा मौसूफ सरकारको सुस्वास्थ्य, चिरायु एवं अटल सौभाग्यको शुभकामना टक्र्याउँदछु ।

देशको शान्ति-सुरक्षाको गहन जिम्मेवारी बोकेको नेपाल प्रहरीका विविध क्रियाकलापहरु 'प्रहरी दर्पण' को माध्यमवाट जनसमक्ष प्रस्तुत गर्न भएको प्रयास प्रशंसनीय छ । यो प्रकाशन प्रहरीबाट भए-गरेका कार्यहरु पाठकसमक्ष प्रस्तुत गर्न सफल रहोस्, यही मेरो शुभकामना छ ।

**पदम प्रसाद पोखरेल**
सचिव, गृह मन्त्रालय

## MESSAGE

On the auspicious occasion of the Golden Jubilee Birthday of *Her Majesty Queen Aishwarya Rajya Laxmi Devi Shah*, I would like to extend my best wishes for the good health, long life and happiness of Her Majesty.

The initiative taken to present to the people through Police Mirror, various professional activities of Police who are entrusted with the vital responsibility of maintaining law and order in the country is indeed commendable. I wish this publication a success to present its various activities to the general public.

**Padam Prasad Pokharel**
Secretary, Home Ministry



# प्रहरी महानिरीक्षकको सन्देश

श्री ५ बडामहारानी ऐश्वर्य राज्यलक्ष्मी देवी शाह सरकारको स्वर्ण शुभजन्मोत्सवको पुनीत अवसरमा नेपाल प्रहरीका सम्पूर्ण अधिकृत तथा जवानहरुको तर्फबाट मौसूफ सरकारको जुनाफमा सुस्वास्थ्य, दीर्घायु एवं अटल सौभाग्यका लागि हार्दिक मंगलमय शुभकामना अर्पण गर्दछु ।

मौसूफ सरकारको शुभजन्मोत्सवको अवसरमा **प्रहरी दर्पण २०५६** प्रकाशित गर्न पाउँदा अत्यन्त हर्षको अनुभव भएको छ । आफ्नो स्थापनाकालदेखि सदा अग्रपंक्तिमा रही नेपाल प्रहरीले शान्ति-सुरक्षाको महत्वपूर्ण अभिभारालगायत राष्ट्रले भोग्नु परेका विभिन्न कृत्रिम तथा प्राकृतिक विपत्तिको सामना गर्दैआएको छ । संगठनको ४४ वर्षको इतिहासले सिद्ध गरेको छ कि राष्ट्रको सामाजिक, आर्थिक तथा राजनीतिक क्षेत्रमा देखापरेका कुनै पनि विषम परिस्थितिमा नेपाल प्रहरी रत्तिभर विचलित भएको छैन । हिजोको अनुभवले आजको प्रहरीलाई मार्गदर्शन गरेको छ भने भोलिका लागि सचेत बनाएको छ । नयाँ शताब्दीले जन्माउने नयाँ चुनौतीहरुको सामना गर्न वर्तमान समयमा के कस्ता नीतिहरु अवलम्बन गरिएका छन् भन्ने विषयवस्तु प्रहरी दर्पणमा समेटिएका छन् भन्ने विश्वास गरेको छु ।

अन्तमा, प्रहरी संगठनको वार्षिक गतिविधिको शब्दचित्र सँगालो "प्रहरी दर्पण" प्रकाशनार्थ विभिन्न क्षेत्रबाट विभिन्न तरिकाले सहयोग पुऱ्याउनु हुने महानुभावहरु तथा सम्पादक मण्डललाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

जय नेपाल ।

अच्युत कृष्ण खरेल
प्रहरी महानिरीक्षक

# MESSAGE

On the auspicious occasion of the Golden Jubilee Birthday of *Her Majesty Queen Aishwarya Rajya Laxmi Devi Shah*, I would like to express my best wishes for the good health, long life and happiness of *Her Majesty* on behalf of all the officers and men of Nepal Police organisation.

It is a great pleasure for us to be able to publish Police Mirror 1999 on the auspicious occasion of *Her Majesty's* Birthday. Nepal Police has been shouldering the responsibility of maintaining law and order in the country and working during the natural and man made disasters faced by the country since its very founding. The 44-year-long history of Nepal Police has proved that Nepal Police has never been affected in adverse situations like socio-economic and political turmoils faced by the country. Lessons from the past have guided today's policing and envisaged policing for tomorrow. I believe that the police mirror has incorporated in its content the future policy and strategies adopted by the organisation to face the challenges posed by the New Millennium.

Finally, I would like to express my sincere thanks to editorial board and all those who have made their contributions to the successful publication of Police Mirror, a word and picture collection of round the year activities of Police organisation. Jay Nepal.

**Achyut Krishna Kharel**
Inspector General of Police.



From left Dy. S.P. Mr. U. K. Aryal, Dy. S.P. Mr. S. Ghimire, Dy. S.P. Mr. S. B. Shah, D.I.G. Mr. G. P. Thapa, Dy. S.P. Mr. B. K. Shakya, Insp. Mr. P. Kadel, Dy. S.P. Mr. N. R. Silwal


## सम्पादक मण्डल

**प्रधान सम्पादक**

प्र.ना.म.नि. गोविन्द प्रसाद थापा

**सम्पादकहरू**

प्र.ना.उ. सुरेन्द्र बहादुर शाह
प्र.ना.उ. बाल कुमार शाक्य
प्र.ना.उ. उपेन्द्र कान्त अर्याल
प्र.ना.उ. नव राज सिलवाल
प्र.ना.उ. सुबोध घिमिरे
प्र.नि. पुरुषोत्तम कडेल

**तस्वीरहरू**

प्र.ना.उ. शेर बहादुर कार्की
प्र.ना.नि. कैलाश राई

**प्रकाशक**

प्रहरी दर्पण प्रकाशन समिति
प्रहरी प्रधान कार्यालय

## सल्लाहकार मण्डल

प्र.अ.म.नि. प्रदीप शम्शेर ज.ब.रा.
प्र.अ.म.नि. कृष्ण मोहन श्रेष्ठ
प्र.अ.म.नि. राम काजी बान्तवा
प्र.अ.म.नि. ढाल मान थापा

## Advisory Board

A.I.G.P. Pradeep SJB Rana
A.I.G.P. Krishna M. Shrestha
A.I.G.P. Ram K. Bantawa
A.I.G.P. Dhal Man Thapa

## Editorial Board

**Chief Editor**

D.I.G.P. Govind P. Thapa

**Editors**

Dy.S.P. Surendra Bdr. Shah
Dy.S.P. Bal Kumar Shakya
Dy.S.P. Upendra K. Aryal
Dy.S.P. Nawa Raj Silwal
Dy.S.P. Subodh Ghimire
Insp. Purushottam Kadel

**Photographs**

Dy.S.P. Sher Bdr. Karki
S.I. Kailash Rai

**Publisher**

Police Mirror Publication Board
Police Headquarters



**प्रहरी दर्पण**
वार्षिक प्रकाशन
दर्ता नं. ०१/०४१

वर्ष १६, अंक १६, कात्तिक २०५६
Vol. 16, No. 16, November 1999

**Police Mirror**
An Annual Publication
Regd. No. 01/041

Printing: Aashin Publicity, Maitighar, Ph. 227304, 241207 Color Separation: QualiTech Scan & Pre-Press Pvt. Ltd., Tripureshowr, Ph. 256396, 261314

# सम्पादकीय

श्री ५ बडामहारानी ऐश्वर्य राज्यलक्ष्मी देवी शाह सरकारको स्वर्ण शुभजन्मोत्सवको सुखद् अवसर मा हामी मौसूफ सरकारको सुस्वास्थ्य, दीर्घायु र अटल सौभाग्यका लागि हार्दिक मंगलमय शुभकामना विन्ती चढाउँदछौं ।

आज नेपाल प्रहरीको चुनौती र जिम्मेवारीहरु आकासिएर गएका छन् । राष्ट्रको सीमित स्रोत र साधनहरुको यथार्थतालाई अँगालेर यो संगठनले आफ्नो उच्चतम् योगदान दिनुपर्ने अवस्था छ। समयले थुप्रै समस्याहरु ल्याएर प्रहरीको सामूमा थुपारी दिएको छ । जनताको जीऊधनको सुरक्षाको खातिर प्रहरीले आफ्नो जीवन उत्सर्ग गरेका थुप्रै समर्पणका उदाहरणहरु छन् । हाम्रा लागि भोलिका दिनहरु अझ ज्यादा चुनौतीपूर्ण र समस्यामूलक हुन सक्छन् तर यो माटोको मूल्य चुकाउन हामी सधैं नै संकल्पित रहिरहने छौं । यसका लागि आज प्रहरीलाई राजनीतिक पार्टीहरु, सामाजिक संघसंस्था र जनताहरुको सद्भावको आवश्यकता परेको छ ।

"प्रहरी दर्पण" वर्षभरिका प्रहरी संगठनको व्यावसायिक हिसाव-किताबको एउटा सचित्र सँगालोको रूपमा पाठकवर्गमा प्रस्तत गरेका छौं । यस अंकमा हामीले प्रहरीजीवनका हरेक पक्षहरुलाई समेट्ने कोशिस गरेका छौं । पाठकहरुका लागि यो कृति संग्रहनीय हुनेछ भन्ने हामीले आशा गरेका छौं र भविष्यमा यसमा गर्नुपर्ने सुधारहरुका लागि हामी सबै प्रकारका प्रतिक्रियाहरुको स्वागत गर्नेछौं ।

अन्तमा, हाम्रो यो प्रयासलाई सफल पार्न प्रत्यक्ष वा परोक्षरूपमा सहयोग गर्नु हुने सबैप्रति हार्दिक आभार प्रकट गर्दछौं ।

सम्पादक मण्डल

# Editorial

On the auspicious occasion of the Golden Jubilee Birthday of *Her Majesty Queen Aishwarya Rajya Laxmi Devi Shah*, we would like to sincerely express our best wishes for the good health, long life and happiness of *Her Majesty.*

The challenges and responsibilities of Nepal Police have tremendously multiplied in the present context. Taking into consideration the reality of limited national resources, Police organisation has to work to maximize output through the proper utilization of limited resources. Time has piled up a multitude of problem before the Police organisation. There are sufficient examples of sacrifice made by the brave Police personnel to the cause of protection of life and property of the general people. We know that the days ahead are full of grave challenges and more troublesome, but we are always committed to serve the interest of our soil. In this perspective, the Police organisation is in dire need of support from social institutions, political parties and general public.

We have presented to our readers, the 'Police Mirror' a word and picture recollections of year round professional Police activities. We have put together our efforts to depict all aspects of Police life in this issue. We hope this issue will be worth collecting for the readers and we welcome all kinds of constructive suggestions to make it even better in future.

To conclude, we express our heartfelt gratitude to all those who have directly and indirectly helped us produce this publication successfully.

**Editorial Board**

# विषय सूची


१. एक्काइसौं शताब्दी प्रवेशको तयारीमा नेपाल प्रहरी ........ १३

२. अपराध अनुसन्धानमा सुधारका पहलहरु ........ १८

३. कार्य विभागको चुनौती तथा दायित्वहरु ........ २४

४. कर्मचारी प्रशासनका नवीन आयामहरु ........ २८

५. परिवर्तित राष्ट्रिय परिवेशमा प्रहरी प्रशिक्षण ........ ३२

६. प्रहरी नायव महानिरीक्षकहरुको प्रतिवद्धता ........ ३८

७. प्रहरी उत्सव तथा पर्वहरु ........ ४८

८. प्रतिष्ठित व्यक्तिहरुको दृष्टिकोण ........ ५८

९. सवारी नियन्त्रण तथा व्यवस्थापन ........ ६४

१०. वार्षिक प्रहरी गतिविधि ........ ६८

११. प्रहरी कल्याणको वर्तमान स्वरुप ........ ७६

१२. अमर प्रहरीप्रति श्रद्धाञ्जलि ........ ८०

१३. नेपाल प्रहरीको अन्तर्राष्ट्रिय सहभागिता ........ ८५

१४. प्रहरीको सामाजिक उत्तरदायित्व ........ ८९

१५. नेपाल प्रहरीमा सूचना व्यवस्थापन ........ ९७

१६. अवकाशप्राप्त वरिष्ठ प्रहरी अधिकृतहरुको बिदाइ ........ १०३

१७. संस्मरण ........ १०६

१८. खेलकूदका झलकहरु ........ ११०

१९. सचित्र समाचार ........ ११५

२०. पत्रपत्रिकामा नेपाल प्रहरी ........ १२०




# Contents


1. Nepal Police Preparing for New Millennium .......... 15
2. Reform Initiatives for Crime Investigation .......... 20
3. Challenges and Responsibilities of Operations Department .... 25
4. New Dimensions of Personnel Administration .......... 30
5. Police Training in the Changed National Context .......... 33
6. Commitments of Deputy Inspector Generals .......... 38
7. Police Ceremonies and Festivals .......... 48
8. Views of Distinguished People .......... 58
9. Traffic Control and Management .......... 66
10. Annual Police Activities .......... 68
11. Present State of Police Welfare Scheme .......... 77
12. Paying Tribute to the Immortal Police .......... 82
13. Nepal Police Participation in International Policing .......... 86
14. Social Responsibilities of Police .......... 89
15. Information Management of Nepal Police .......... 97
16. Glimpses of Farewell Ceremonies .......... 103
17. Memoirs .......... 106
18. Glimpses of Sports .......... 110
19. Photo News .......... 115
20. Nepal Police in News .......... 120




# एक्काइसौं शताब्दी प्रवेशको तयारीमा नेपाल प्रहरी

संगठन विकास तथा परिवर्तन समय सापेक्ष हुनुपर्ने व्यवस्थापकीय मान्यता अनुरुप नेपाल प्रहरी आफ्नो संगठन सुदृढ गर्न निरन्तर सचेत रहँदैआएको छ । समयको प्रवाहसँगै स्वत: थपिँदै जाने कार्यभार एवं उत्तरदायित्वका कारण आजको प्रहरी संगठन अधिराज्यको कुना-कुनासम्म फैलिन पुगेको छ । नयाँ शताब्दीको सँघारमा उभिएको यस संगठनलाई जीवन्त राख्न यसको कानूनी पक्ष, सांगठनिक स्वरुप तथा स्रोतसाधनको उपलब्धता एवं उपभोगलाई अझ प्रभावकारी बनाउनु आवश्यक देखिएको छ ।

प्रजातान्त्रिक मूल्य-मान्यताहरुलाई ठोस ढंगबाट स्थापित गर्दै लैजान नेपाल प्रहरी कृत संकल्पित रहेको छ । आफ्नो अधिकारको प्रयोग गर्दा अर्काको अधिकार खोसिन हुँदैन । यो नै कानूनी राज्यको मूल मर्म हो । प्रहरी कर्मचारीलाई कानून बमोजिम कार्य गर्न, नागरिक अधिकारको सम्मान गर्न, पक्षपात, भेदभाव लगायतका कुनै पनि प्रकारको आचरण विपरीत कार्य गर्नबाट टाढा रहन देशव्यापी रुपमा निर्देशन दिइएको छ । प्रहरी व्यवहारलाई उच्च आदर्शबाट प्रेरित गराउन विभिन्न प्रशिक्षणहरु दिइएका छन् । संगठनले देखाएको बाटोमा अघि बढ्ने कर्मचारीहरुलाई पुरस्कृत गर्ने परम्परा बसालिएको छ भने प्रजातान्त्रिक आचरण प्रतिकूल कार्य गर्नेहरु दण्डित भएका छन् । यो कार्य प्रहरी संगठनको प्राथमिक नीतिभित्र समावेश भएको तथ्य स्पष्ट पार्न चाहन्छु ।

सूचना तथा अभिलेख व्यवस्थापन कार्य संगठन सुदृढीकरणको महत्वपूर्ण कडी हो । आवश्यक परेका बखत भरपर्दो सूचना प्राप्त हुन सकेमामात्र संगठनात्मक सफलता प्राप्त गर्न सकिन्छ । "सूचना नै शक्ति हो" भन्ने नयाँ अवधारणालाई आत्मसात् गरी जुनसुकै प्रहरी कारवाहीमा उच्च प्रविधिको प्रयोग गर्दै जाने नीति लिएको छ । प्रहरी प्रधान कार्यालयस्थित कम्प्युटर नेटवर्कलाई एक वर्षभित्र क्षेत्रीय स्तरसम्म विस्तृतीकरण गर्ने लक्ष्य राखिएको छ ।



प्रहरी महानिरीक्षक अच्युत कृष्ण खरेल

यसका अलावा घटनाको जानकारी छिटोछरितो ढंगले सम्प्रेषित हुनका लागि संचार व्यवस्था, सवारीसाधनको व्यवस्था तथा केन्द्रमा स्थापित अप्रेशन कक्षको कार्यदक्षतामा सुधार ल्याइएको छ भने जिल्ला तथा मातहत इकाइहरुमा समेत संचार नेटवर्क जडान गरिएका छन् । मातहत कार्यालयहरुको अभिलेख व्यवस्थापनलाई आधुनिकीकरण गर्ने उद्देश्यले वर्षेनी क्रिम्स्ब्याटन प्रतियोगितामार्फत् निरीक्षण तथा निर्देशन जारी गरी तोकिएको सूचना तोकिएको समयभित्र उपलब्ध गराउन सक्ने व्यवस्था मिलाइएको छ । यस प्रकारको व्यवस्थाले गर्दा एकातर्फ अपराध अनुसन्धान-कार्य विगत वर्षहरुमा भन्दा ज्यादै प्रभावकारी बन्न पुगेको छ भने अर्कोतर्फ आन्तरिक सरुवा-बढुवा तथा डिउटी योजना र अरनखटन कार्य छिटोछरितो एवं भरपर्दो हुन सकेको छ ।

अपराधको विश्वव्यापीकरण वर्तमान विश्वको प्रमुख चुनौती हो । आतंकवाद, लागू औषध तथा चेलिबेटी ओसारपसार र तिनको बेचबिखनजस्ता विकृतिहरु विदेशबाट भित्रिरहेका मात्र छैनन् स्वदेशमै अस्वाभाविक रुपले जन्म लिइरहेका छन् । नेपाल अधिराज्य पनि यो समस्याबाट मुक्त रहेको छैन । हाल केही जिल्लाहरुमा संचालित भूमिगत गतिविधिले आतंककारी रुप लिएको पाइन्छ भने लागू औषध तथा चेलिबेटी ओसारपसार र बेचबिखन लगायत अन्तर्राष्ट्रिय आपराधिक गिरोहका गतिविधिहरुले शिर उठाउन खोजेको पाइन्छ । यिनका विरुद्ध निर्णायक कारवाहीका लागि आवश्यक रणनीतिहरु तयार भइसकेका छन् जसको माध्यमबाट २१ औं शताब्दीको नेपालीसमाज आतंक र अपराधरहित हुने लक्ष्य राखिएको छ ।

प्रहरी संगठन वर्तमान समाजकै एक अंग भएकोले समाजको गुण अवगुणका प्रत्यक्ष प्रभाव यसमाथि पर्दछ । सामाजिक विकासको गतिमा कुनै प्रकारको अवरोध आएमा यसले समग्र प्रहरीलाई असर पार्दछ । तापनि विगतका दिनहरुमा देखिएका विभिन्न संकट तथा अस्थिरतामा प्रहरी संगठन विचलित भएको छैन । हालको परिप्रेक्ष्यमा समाजको गतिसँगै प्रहरी संगठनको गतिलाई अघि बढाउनुपर्ने आवश्यकता भएअनुरुप हरेक प्रहरीकार्यमा जनसहभागिताको अपेक्षा गरिएको छ । सर्वसाधारण जनता र प्रहरीबीचको सम्बन्धलाई परिष्कृत गर्न जनसम्पर्क शाखा, श्रव्यदृश्य शाखा र समाचार



प्र.म.नि. खरेल इ.प्र.का. डीपायलको भवन समुद्घाटन गर्दै ।

कक्ष आदिलाई साधन-स्रोत तथा कार्यक्रमसहित अझ बढी सक्रिय बनाउने नीति लिएको छ ।

एक्काइसौं शताब्दीका लागि सक्षम प्रहरी जनशक्ति तयार गर्ने उद्देश्यले प्रहरी प्रशिक्षणको दायरालाई फराकिलो पार्नुको अलावा गहनता, व्यावहारिकता तथा व्यावसायिकतातर्फ यथेष्ट ध्यान पुऱ्याइएको छ । वर्तमान परिप्रेक्ष्यमा स्पष्ट रुपमा "व्यावसायिकताको विकासको लागि सेवा विशिष्टीकरण" भन्ने सिद्धान्तलाई संगठनको आधिकारिक नीतिका रुपमा लिइएको छ । परिणामस्वरुप तालिम संचालन वैज्ञानिक विधिबाट हुनसकेको छ भने तालिमलाई वृत्ति विकासको अवसरको रुपमा समेत लिएको पाइएको छ ।

उपर्युक्त पक्षहरु बाहेक प्रहरी कर्मचारी र प्रहरी संगठनलाई २१ औं शताब्दीको संसारमा प्रवेश गराउन नेपाल प्रहरीले अन्य धेरै सुधारात्मक कदमहरु चालेको छ । प्रहरी कर्मचारीको चारित्रिक एवं नैतिक शुद्धतालाई कायमै राख्न विभिन्न विधिहरु अपनाइएका छन् । मानवाधिकार बहाली गर्ने विश्वव्यापी अभियानलाई हृदयदेखि नै स्वागत गर्दै सोसम्बन्धी गोष्ठी तथा अनुशिक्षण तालिमहरु संचालन गरिएका छन् । एवं रुपमा, संयुक्त राष्ट्र संघको अनुरोधमा विभिन्न शान्ति पुनस्थापन अभियानहरुमा रहेको प्रहरी सहभागितालाई कायमै राखिएको छ । प्रहरी मनोबललाई उच्च पार्न प्रहरी कल्याणको दायरालाई अझ फराकिलो पारिएको छ भने कर्तव्यपालनाको सिलसिलामा वीरगति प्राप्त गर्ने प्रहरी कर्मचारीको परिवारलाई विविध प्रकारको सुविधा तथा सहुलियतहरु प्रदान गर्ने व्यवस्था मिलाइएको छ ।


श्री ५ बडामहारानी सरकारको
स्वर्ण शुभजन्मोत्सवको
सुखद् उपलक्ष्यमा मौसूफ
सरकारको सुख, समृद्धिका लागि
हार्दिक शुभकामना व्यक्त गर्दछौं ।



पुजारी स्टोर्स
प्रो. भेष राज पौडेल
बैंक रोड, भैरहवा, फोन: २०६९७
(क्यामरा, क्याल्कुलेटर, घडी, रेडियो इत्यादीको लागि सम्झनुहोस्)



# Nepal Police Preparing for New Millennium



*I.G.P. Kharel inaugurating DPO building in Nuwakot*

Nepal Police is constantly aware of the need to strengthen its organisation in consonance with the management theory that organisations should be developed and changed in tune with changing times. Due to increasing work load and responsibility with the pace of time, the network of police organisation has spread to every nook and corner of the country today. As this organisation stands ready to enter the new millennium, it is necessary to make it more effective legally and structurally by utilising available resources to the maximum.

Nepal Police organisation is firmly committed to consistently upholding the democratic norms and values. Nobody should infringe upon other's rights while exercising one's own rights. This is the essence of rule of law. The police staff have been directed nationwide to act in accordance with law, respect civic rights and keep aloof from prejudice, discrimination and any other form of wrongdoing. They have been provided with various training to inspire them with high ideals and shape their behaviour accordingly. There is a tradition of rewarding those who pursue the ways prescribed by the organisation and punishing those who behave contrary to democratic conduct. This has been incorporated within the primary policy of the police organisation.

Information and documentation system is the vital key to the consolidation of an organisation. The desired organisational success can be accomplished only if reliable information is available when it is required. We have adopted the policy of acquiring high technology in any police action realising the new concept that "Information is Power". We have a target to expand the computer network of the police headquarters upto regional level within one year. Apart from this, improvement has been brought about in communication system, provision of transport vehicles and efficiency of the operation section established at the centre to disseminate information of events as quickly as possible. On top of this, communication network has been installed in the district and subordinate units. With a view to modernising the documentation systems in line agencies, arrangements have been made for inspection and issuing directives through King's Baton competition and to enable them to produce the desired result at the prescribed time. This type of arrangement has made the crime investigation work more effective than in the past on the one hand while on the other, it has made transfer, promotion, duty planning and assignment works faster and more reliable.

Globalization of crime is the main problem of the modern world. Perversion like terrorism, drug addiction, girl trafficking and their illicit trading are not only committed transborder but also appearing within the country itself in an unnatural manner. Nepal is also not an exception to this problem. Currently, the underground activities run in some districts have assumed terrorist dimension in the one hand while on the other, international criminal gangs are trying to raise their heads through activities like girl-trafficking and drug trafficking. Necessary strategies have been prepared to combat against them and it has been envisaged that in the 21st century Nepali society will be free form terror and crime.

As the police organisation is part of the existing society, it is directly affected

by the merits and demerits of the society. If any kind of impediments are experienced in the pace of social development, it is bound to affect the entire police organisation. In spite of this, the police organisation has not shaken during the moments of crises and disturbances. In the present context, there is need to step up the pace of police organisation in tune with the pace of the society which calls for public participation on every police responsibility. We have therefore, embraced the policy of equipping our different sections like public relation section, audio-visual section and news section and make them more active to improve relations between the police and the common people.

With a view to producing capable human resources for the 21st century, we have already broadened the dimension of police training. In addition, we have paid sufficient attention to perfection, practicality and professionalism. In the present context, we have specifically embraced the theory of "job specialization for professional development" as the official policy of this organisation. Consequently, training are being conducted scientifically and they are also being regarded us an opportunity for career development.



*Officers being briefed*

Apart from these aspects, Nepal Police has initiated various other reform measures to take along police employees and organisation into the new millennium. Various methods have been adopted to maintain the purity of character and morality among the police employees. The worldwide campaign to ensure human rights is supported by organising seminars and orientation training to police personnel. Similarly, police participation in international peace keeping missions at the call of the United Nations has been continued. The scope of police welfare has been widened to boost the morale of the police organisation while arrangements have been made to provide different benefits and facilities to dependents of police employees who have sacrificed their lives in the line of duty. ■




श्री ५ बडामहारानी
ऐश्वर्य राज्यलक्ष्मी देवी शाह सरकारको
स्वर्ण शुभजन्मोत्सवको सुखद् उपलक्ष्यमा
मौसूफ सरकारमा सदैव चिरायु,
सुस्वास्थ्य एवं अटल सौभाग्यका
लागि सद्भक्ति हार्दिक
मंगलमय शुभकामना चढाउँछौं ।

हेटौंडा सिमेन्ट उद्योग लि., हेटौंडा

# अपराध अनुसन्धानमा सुधारका पहलहरु

अपराध अनुसन्धानमा हाल नेपाल प्रहरीसँग जे-जति पेशागत दक्षता र प्रविधिहरु छन् त्यसमा सुधार तथा समयानुकूल विकास गर्दै जानुपर्ने अपरिहार्यता आजको यथार्थ हो। हिंजोको अनुसन्धानका दृष्टिकोण र सोचाइ एवं स्थापित अनुसन्धानका सिद्धान्तहरुले भोलिको अपराध अनुसन्धानका चुनौतीहरुलाई सामना गर्न सक्दैन। हामीले आफूसँग भएको जनशक्ति र स्रोतको अत्यधिक उपयोगलाई व्यवस्थित गर्ने नीति एकातिर बनाएका छौं भने अर्कोतिर अपराध अनुसन्धानमा वैज्ञानिक साधनको प्रयोगलाई बढाएर लैजाने नीति अँगालेका छौं।

अपराध अनुसन्धानमा कुकुरहरुको प्रयोगलाई बढाउँदै लैजाने र विधिविज्ञान सुविधालाई क्षेत्रीयस्तरसम्म पुऱ्याउनेतर्फ कार्य भइरहेको छ। DANIDA ले जनशक्ति विकास र केन्द्रीय विधिविज्ञान प्रयोगशालालाई अझ साधन-सम्पन्न गर्न नेपाल प्रहरीलाई महत्वपूर्ण सहयोग पुऱ्याएको छ। नयाँ-नयाँ अनुसन्धानका प्रविधि र अपराध कार्यविधि एवं अनुसन्धानका प्रतिपादित सिद्धान्तहरुका बारे हाम्रा अनुसन्धान अधिकृतहरुलाई जानकारी गराई राख्न हामीले विभिन्न स्वदेश तथा विदेश तालिमको अवसरहरुलाई बढाउने नीति लिएका छौं। जिल्लामा कार्यरत अनुसन्धान अधिकृतलाई सम्पूर्ण रुपमा जिम्मेवार बनाउने र उसको कार्यको सुपरीवेक्षण, निरीक्षण गर्ने र कामअनुसार अभिप्रेरणाहरु दिनेजस्ता नीतिहरु लिइएको छ। बयानमुखि र परिस्थितिजन्य अवस्थामुखि अनुसन्धान प्रणालीबाट अब भौतिक सबुत-प्रमाणमुखि कानूनी अवधारणा अनुकूल अनुसन्धानलाई अघि बढाउनेतर्फ हाम्रा अनुसन्धान अधिकृतहरु सचेत छन्।

प्रजातान्त्रिक समाजको सुदृढीकरण र जनताको मानव अधिकारको संरक्षण गर्न प्रहरी अनुसन्धानबाट सहयोग पुग्नुपर्दछ भन्ने मान्यता हामीले राखेका छौं। कुनै पनि निरपराध व्यक्तिले प्रहरीको हिरासतमा बस्न नपरोस् र मानसिक पीडा नपाओस् भन्नेतर्फ हामी चनाखो रहेका छौं। प्रजातान्त्रिक मूल्य र संस्कारअनुरुप सबै सम्बन्धित प्रहरी कार्यालयहरुको हिरासत व्यवस्थापनलाई विशेष रुपमा व्यवस्थित गर्ने नीति लिइएको छ। केन्द्रीयस्तरमा जिल्लाका अनुसन्धान अधिकृतहरुलाई सहयोग र समन्वय गर्ने गरी विभिन्न टीमहरुको स्थापना गरिएको छ। केन्द्रीय इन्टेलिजेन्सलाई सुदृढ गरिएको छ। भविष्यका लागि अपराध अनुसन्धानमा समयानुकूल गर्नुपर्ने विविध पक्षीय सुधारहरुका लागि योजना तर्जुमा गर्ने केन्द्रीय अन्वेषण शाखालाई सुदृढ गरिएको छ। अपराध अनुसन्धानमा जनसहयोग अभिवृद्धि गर्ने र प्रचलित ऐन-कानूनहरुको समयानुकूल सुधार गर्न समेत सम्बन्धित निकायहरुसँग समन्वय गर्ने कार्य भएको र भविष्यमा नेपाल प्रहरीको अपराध अनुसन्धान पद्धतिलाई समयानुकूल र भौतिक तथा अन्य अकाट्य सबुतहरुमा आधारित बनाउँदै लैजाने हाम्रो प्रयास जारी रहनेछ।



प्र.अ.म.नि. प्रदीप शम्शेर ज.ब.रा.



वैज्ञानिक प्रयोगशालामा नमुना परीक्षण गर्दै

# अपराध प्रवृत्ति तालिका

## (आ. ब. २०५५-०५६)







*श्री ५ को सरकार र मित्रराष्ट्र चीन सरकारबीच सम्पन्न सम्झौताअनुसार रु. ८२ करोडको लागतमा चितवन जिल्लास्थित यज्ञपुरीमा निर्मित बी.पी. कोइराला मेमोरियल क्यान्सर अस्पतालले मिति २०५६ साल जेष्ठ महिनादेखि परीक्षणकालिन ओ.पी.डी. सेवा शुरु गरी परीक्षणकै रुपमा केमोथेरापी, रेडियोथेरापी, शल्यचिकित्सा, अक्यूपन्चर, अन्तरंग, प्याथोलोजी, रेडियो डायग्नोसिस् (सि.टी. स्क्यान सेवा समेत) शुरु गरिसकेको कुरा सहर्ष जानकारी गराइन्छ ।*

**बी.पी. कोइराला मेमोरियल क्यान्सर हस्पिटल**

भरतपुर, चितवन

# Reform Initiatives for Crime Investigation

Whatever professional skill and technology are available to Nepal Police for crime investigation must be continuously improved upon to suit the needs of changing times. This inevitability is the present day reality. Yesterday's approach, thinking and established theories of investigation may not be able to cope with tomorrow's challenges in crime investigation. In the light of this reality, we have on the one hand, embraced the policy of making maximum utilization of manpower and resources at our disposal and on the other, adopted the policy of making increased use of scientific means in crime investigation.



*Regional Police Dogs School : Eastern region.*

We are working towards the increasing use of dogs in crime investigation and expanding the facility of forensic science to regional level. DANIDA has extended vital support to Nepal Police for manpower development and to further equip the forensic laboratory. We have adopted the policy of enhancing opportunities for national and foreign training to keep our investigating officers abreast of the new investigation technology, crime procedure and established theories of investigation. We have also framed the policy of making the district-based investigation officer wholly responsible to supervise , inspect and provide incentive in accordance with performance. Our investigation officers are aware of making investigation more physical evidence oriented rather than statement oriented.



***Gold and dollars seized in Thahiti robbery scandal***

We subscribe to the view that police investigation should help consolidate the democratic society and protect human rights. We are vigilant to ensure that no innocent people should stay in police custody and suffer mental agony. We have taken the policy of making special arrangement for custody management in all the concerned police offices befitting the democratic values and culture. Different teams have been set up at the central level to assist and coordinate the district investigation officers. The central intelligence network has been strengthened. The central research section which formulates plans for various improvements to be made in crime investigation to suit the future needs has also been strengthened. We have carried out the task of promoting public cooperation in crime investigation and coordinating with other concerned units to improve and make the existing laws suited to the changing times. We will continue to make the crime investigation system of Nepal Police suited to the time and based on physical and other irrefutable evidence.

# CRIME TREND CHART

## FISCAL YEAR 1998-99







श्री ५ बडामहारानी सरकारको
स्वर्ण शुभजन्मोत्सवको
सुखद् उपलक्ष्यमा मौसूफ
सरकारको सुख, समृद्धिका लागि
हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

लुम्बिनी बैंक लिमिटेड

केन्द्रीय कार्यालय
प्रगतिपथ, नारायणगढ
फोन नं. ०५६-२४९५०
e-mail: lumbini@mos.com.np

सम्पर्क कार्यालय:
हेरिटेज प्लाजा II
फोन नं. ०१-२५६१४९
कमलादी, काठमाडौं ।

# कार्य विभागको चुनौती तथा दायित्वहरु

कार्य विभागले न्यूनतम् साधन-स्रोत तथा जनशक्तिको अधिकतम् परिचालन गरी आमजनमानसमा शान्ति-सुरक्षाको अनुभूति दिलाएको छ। परिवर्तित सामाजिक, आर्थिक तथा राजनीतिक पृष्ठभूमिमा विभिन्न निकायहरुबीच आपसी समवन्यको अभाव, विश्वासको संकट, न्यून जनसहभागितालगायत असीमित जनाकांक्षाको कारणबाट सिर्जित दुष्परिणाम यस विभागले व्यहोर्नुपरेको छ। अस्थिर राजनीतिक वातावरण, राष्ट्रिय सहमति एवं दृष्टिकोणको अभावबाट उत्पन्न समस्या, खुला सीमानाले भित्र्याएको विसंगति र आतंकवाद यसका प्रमुख चुनौतीहरु रहिआएका छन् ।

ट्राफिक व्यवस्थापनलाई २१ औं शताब्दीको हाराहारीमा विकसित गर्दै लैजाने उद्देश्यले सवारी दुर्घटना र सवारी प्रदुषण नियन्त्रण गर्ने कार्य विभागको अर्को महत्वपूर्ण दायित्व रहेको छ । स्वदेशी तथा विदेशी विशिष्टव्यक्तिको सुरक्षा-व्यवस्थालाई समयानुकूल बनाउने कार्य सुरक्षा महाशाखाले गर्दैआएको छ भने खुल्ला राजनीतिक वातावरणको परिणामस्वरुप समूह-समूहबीच हुने द्वन्द्व, जुलूस, हूलदंगा तथा प्राकृतिक प्रकोपजस्ता घटनाहरु नियन्त्रणार्थ कार्य महाशाखा, सशस्त्र प्रहरी गण, दंगा प्रहरी गण आदि स्थापित भएका छन् । आतंककारी गतिविधिविरुद्ध रणनीति बनाउने, कारवाही संचालन गर्ने, नीतिनिर्देशन तथा अनुगमन कार्यार्थ आतंकवाद नियन्त्रण महाशाखा कार्यरत् छ । नेपाल प्रहरी विशेष कार्यदलको तालिम प्राप्त कमाण्डोहरु आतंकबाद निर्मूल पारी शान्ति-सुरक्षा तथा अमनचैन कायम राख्न प्रतिवद्ध रहेका छन् । हवाई यातायातविरुद्ध हुन सक्ने अपराधले जनधनको ठूलो नोक्सानी मात्र गराउदैन राष्ट्रिय छविसमेतलाई ध्वस्त तुल्याउँदछ । त्रिभुवन विमानस्थलमा हुने सानो अपराधले विश्वका अन्य मुलुकहरुसँगको सम्बन्धमा समेत असर पार्दछ । यसैले अवैध ओसार-पसार नियन्त्रण गर्नु, राष्ट्रिय हित प्रतिकूलका कारोवार तथा त्यस प्रकृतिका विदेशीहरुको आगमन रोकथाम गर्नु, विष्फोटक पदार्थ, हातहतियार तथा लागू औषधमाथि निग्रानी गर्नु आदि कार्यहरु विमानस्थल सुरक्षा प्रहरीले गर्दै आएका छन् ।



प्र.अ.म.नि. कृष्ण मोहन श्रेष्ठ

कार्य विभागको हालसम्मको क्रियाकलापबाट देशको आन्तरिक शान्ति-सुरक्षा कायम गर्ने जस्तो गहनतम् र संवेदनशील भूमिका सफलतापूर्वक निर्वाह हुँदैआएको छ । तर यस विभागले प्रहरी संगठनको छवि सदा उच्च राख्नमा गरेको प्रगतिलाई मूल्याङकन गरेरमात्र सन्तोष लिने अवस्था देखिदैन । नयाँ शताब्दीको संघारमा उभिएको नेपाल प्रहरीले विगतमा भन्दा आगामी दिनहरुमा अझ बढी चुनौतीपूर्ण स्थितिलाई सामना गर्नुपर्ने अवस्था आउन सक्छ । यसर्थ आतंकवादलगायत विभिन्न चुनौती एवं समस्याहरुविरुद्ध प्रहरी कारवाही गर्न आवश्यक आधुनिक प्रविधि, संचार, हातहतियार तथा सुदृढ व्यवस्थापनको लागि गृहकार्य शुरु गरिएको छ ।



सल्यान जिल्लामा आतंकारीहरुबाट बरामद गरिएका पाइप बमलगायतका विस्फोटक सामग्रीहरु

# Challenges and Responsibilities of Operations Department

By making use of minimum resources and maximum utilization of manpower, the Operations Department has imparted the feeling to the general public that there is law and order in the society. In the context of changed social, economic and political background, this development has to encounter the evil consequences of lack of mutual coordination among different units, confidence crises, low public participation and unlimited public aspirations. At the same time, perverted and unstable political environment , lack of national consensus and viewpoint, aberrations instigated from the open border and terrorism are its main challenges.

The second significant responsibility of Operation Department is to control vehicle accidents and vehicular pollution with a view to developing traffic management to bring it at par with the needs of the 21st century . The Security Division has been engaged in making timely arrangement in the security management of national and foreign dignitaries. On the other hand, Operations Division, Armed Police, Riot Police etc. have been established to control conflict among groups that may occur due to open political environment, rallies, riots and natural disaster. Counter terrorist Division is busy in evolving strategies to fight terrorist activities, to conduct the operation, formulate policies and monitor their implementation. The trained commandos of Nepal Police Special Task Force are committed to controlling terrorism and providing security and maintaining law and order in the country. Any crime committed in the filed of aviation not only causes severe loss of life and property but also seriously undermines the national image. Minor crimes committed at Tribhuvan International Airport may have their serious effects in other countries as well. Therefore Airport Security Police are engaged in controlling illegal trafficking , preventing activities against national interest, preventing arrival of foreigners of this nature, controlling explosives, weapons and drugs etc.



*A glimpse of training against terrorist activities*

The most vital and sensitive role of ensuring law and order in the country has been maintained successfully so far as a result of the activities of the Operations Department. However, in the present context, we cannot simply remain satisfied on the basis of progress achieved by this department to keep high image of the police organisation. Nepal Police which is on the verge of entering into a new millennium may have to face greater challenges in the days ahead than it had in the past. Consequently, necessary homework has been initiated for acquiring necessary modern technology communication, weapons and stable management to grapple with different challenges and problems including terrorism on the days ahead.

# कर्मचारी प्रशासनका नवीन आयामहरु

प्रहरी कर्मचारीको छनौट तथा नियुक्ति, सरुवा-बढुवा, वृत्तिविकासलगायत अवकाशसम्बन्धी सम्पूर्ण व्यवस्थापन गर्नु प्रशासन विभागको दायित्व रहेको छ । अधिराज्यभर शान्ति-सुरक्षा कायम राख्न, अपराध नियन्त्रण एवं अनुसन्धान गर्न प्रहरीलाई विभिन्न स्थानहरुमा खटाइरहनु पर्ने र तत्सम्बन्धी विभिन्न किसिमका स्रोत साधनको आपूर्ति गर्नुपर्ने हुँदा यस विभागको कार्य चुनौतीपूर्ण हुन पुगेको छ। स्रोत-साधनको सीमितताले मानव-स्रोत परिचालनको स्थितिलाई असन्तुलित पारिदिएको छ । यस असन्तुलनको स्थितिलाई प्रशासन विभागले गम्भीरतापूर्वक लिई संगठनको आन्तरिक व्यवस्थापन कार्यलाई मजबूत बनाउने लक्ष्य लिएको छ ।

प्रहरी संगठनको नियुक्ति तथा सरुवा-बढुवा पूर्णतः योग्यतामा आधारित (Merit System) रहेको छ। नयाँ नियुक्ति गरिने पदहरुमा प्रहरी नायब उपरीक्षक (प्राविधिक मात्र), प्रहरी निरीक्षक (प्राविधिक र अप्राविधिक), प्रहरी नायब निरीक्षक (प्राविधिक मात्र), प्रहरी सहायक निरीक्षक (प्राविधिक र अप्राविधिक), प्रहरी जवान (प्राविधिक र अप्राविधिक), प्रहरी परिचर र सयस रहेका छन्। अन्य पदहरुमा आन्तरिक बढुवाद्वारा पदपूर्ति गर्ने व्यवस्था रहेको छ। शैक्षिक योग्यता, बौद्धिक क्षमता, शारीरिक तन्दुरुस्ती, आचरण तथा व्यक्तित्व परीक्षण नयाँ नियुक्तिको आधारहरु मानिएका छन्। विभिन्न भौगोलिक क्षेत्रको ज्ञान तथा विभिन्न कार्यालयको कार्यप्रकृतिबाट अनभिज्ञ नरहन प्रहरी नियमावली २०४९ को दफा २९, ३० र ३१ लाई आधार



प्र.अ.म.नि. रामकाजी बान्तवा प्रशासन विभागसम्बन्धी जानकारी दिनुहुँदै

मानी सरुवाको नयाँ व्यवस्था गरिएको छ । जसअनुसार अधिराज्यका ७५ जिल्लालाई भौगोलिक विकटता एवं संवेदनशीलताका आधारमा 'क' 'ख' र 'ग' वर्गमा वर्गीकृत गरी विभिन्न क्राइटेरियाहरु तोकिएका छन् । वर्गीकृत जिल्लाहरुमा आलोपालो मिलाई सरुवा गरिन्छन् भने कार्यालय प्रमुख भई काम गर्ने समान अवसर प्रदान गरिदैआएको छ ।

प्रहरी कर्मचारीहरुको सरुवा गर्दा प्रहरी प्रधान कार्यालयबाट सबै दर्जाको सरुवा वर्षको २ पटक जेष्ठ र मंसीर महिनामा गर्ने, प्रहरी नायब निरीक्षकसम्मको सरुवा क्षेत्रीय प्रहरी कार्यालयबाट श्रावण र माघ महिनामा गर्ने, प्रहरी सहायक निरीक्षकसम्मको सरुवा क्षेत्रीय प्रहरी इकाइ कार्यालयबाट असोज र चैत्र महिनामा गर्ने नीति अवलम्बन गरिएको छ । नयाँ नियुक्तिका लागि विज्ञापन गर्दा प्रहरी निरीक्षक पदको लागि हरेक वर्षको



उत्कृष्ट कार्य गर्ने प्रहरी जवानलाई पुरस्कृत गर्दै

## Division of Services
## कार्य विभाजन




कार्तिक महिनामा, प्रहरी सहायक निरीक्षक पदका लागि फागुन र प्रहरी जवानका लागि बर्षको २ पटक वैशाख र कार्तिक महिनामा मात्र गरिने विशेष व्यवस्था गरिएको छ। एवं रुपमा, पदोन्नतिका आधारहरु स्पष्ट रुपमा तोकिएका छन्। जसमध्ये कार्यक्षमताको मूल्यांकनलाई अग्रपंक्तिमा राखिएको छ भने जेष्ठता, विभिन्न भौगोलिक क्षेत्रमा काम गरेको अनुभव, तालिम, शैक्षिक योंग्यता, विभूषण तथा मान-पदवीजस्ता क्राइटेरियाहरु अवलम्वन गरिएका छन्।



ON THE AUSPICIOUS OCCASION OF THE
GOLDEN JUBILEE BIRTHDAY
OF
HER MAJESTY QUEEN AISHWARYA RAJYA LAXMI DEVI SHAH
WE HUMBLY EXTEND OUR HEARTY GREETINGS
AND
BEST WISHES

TRIVENI GROUP
INDUSTRIAL & COMMERCIAL HOUSE

HEAD OFFICE: P.O. BOX: 772, TEL.: 224074, 248732 FAX: 240780 E-MAIL: tsy@mos.com.np
FACTORY OFFICE: ADARSH NAGAR, BIRGUNJ, TEL.: 22224, 22668 FAX: 051-21668

# New Dimensions in Personnel Administrations



*IGP Kharel confering rank badge to the newly promoted officers*

It is the responsibility of Personnel Administration to carry out all the activities related with selections and appointments, transfer and promotions, career development and retirement. This department has to perform a challenging job because it has to regularly assign police personnel to different places for maintaining law and order and controlling and investigating crimes and supplying related logisties.

Limitation of resources has put a restriction on human resource mobilisation in a scientific manner. The Personnel Administration has envisaged the goal of strengthening the internal management of the organisation by seriously and effecitively carrying out its functions.

The appointment, transfer and promotion of Police Organisation are wholly based on Merit system. New appointments are made only to the posts of Deputy Superintendent (technical only), Inspector (technical and non-technical), Sub-Inspector (technical), Assistant Sub-Inspector (non-technical), Police Constable (technical and non-technical) and followers. There is a provision to fill up vacancies in other posts, through promotion. Educational qualification, intellectual competence, physical fitness, age, conduct and personality test are the main basis for new appointment. New arrangement for transfer has been made in clauses 29,30 and 31 of Police regulations 1992 to ensure that the police staff do not remain ignorant of different geographical regions and nature of work of different offices. Under this system all the 75 districts of the country are divided into three categories, a,b and c, on the basis of geographical remoteness and sensitivity. They are transferred to districts of different categories by turn and the opportunity to function as office chief is given equally to all.

The transfer of police personnel of all ranks is done twice in the month of June and December from Police Headquarters, upto Sub-Inspector level in the month of August and Februaruy from regional police office, upto Assistant Sub-Inspector level in the month of October and April from regional police unit. Advertisement for the new appointment is published in the month of November for the post of Inspector, in the month of March for the post of Assistant Sub-Inspector and in the month of May and November for the post of Constable every year. In this way, the criteria for promotion have also been clearly stated. For this, performance evaluation has been accorded the highest priority followed by seniority experience of working in different geographical regions, training , educational qualification, decoration and medals.

## Hierarchical Structure

| | |
|---|---|
| Inspector General of Police | 1 |
| Additional Inspector General of Police | 4 |
| Deputy Inspector General of Police | 14 |
| Senior Superintendent of Police | 37 |
| Superintendent of Police | 93 |
| Deputy Superintendent of Police | 266 |
| Inspector of Police | 804+30 Trainees |
| Sub-Inspector of Police | 2194 |
| Assistant Sub-Inspector of Police | 4399+130 Trainees |
| Head Constable of Police | 8915 |
| Police Constable | 28912+650 Trainees |
| Followers | 1840+125 boys |
| Total | 48,414 |

# परिवर्तित राष्ट्रिय परिवेशमा प्रहरी प्रशिक्षण



प्र.अ.म.नि. ढालमान थापा

मानवस्रोत विकासमा आवश्यक पर्ने विभिन्न पेशागत प्रशिक्षणको योजना गर्नु र कार्यान्वयन पक्षलाई व्यवस्थित तुल्याउनु राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानको प्रमुख कार्य हो । परिवर्तित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशलाई मध्यनजर गरी यस प्रतिष्ठान विभिन्न प्रशिक्षण कार्यक्रमहरुका अनुसन्धान, विकास र संचालन गर्दछ । नयाँ शताब्दी प्रवेशको तयारीमा रहेको नेपाल प्रहरीका संभावित चुनौतीहरुको लेखाजोखा गरी त्यस्ता चुनौतीहरु सामना गर्न सक्षम प्रहरीशक्ति उत्पादन गर्न यस प्रतिष्ठान दत्तचित्त रहेको छ ।

नयाँ सोच र अवधारणाले मानवलाई स्रोतका रुपमा मात्र नभई पूंजीका रुपमा समेत प्रतिस्थापित गरेको देखिन्छ । व्यवस्थापकीय सिद्धान्तले एकातर्फ मानवशक्तिलाई संगठनको प्राण रक्षक अक्सिजनका रुपमा लिएको पाइन्छ । अर्कोतर्फ मानव-शक्ति अर्थात् संगठनको अक्सिजनलाई निरन्तर रुपमा प्रदुषणरहित बनाई राख्नुपर्ने आवश्यकता पर्दछ, जुन प्रशिक्षण कार्यबाट सम्भव हुन्छ । यस प्रकारका मूलभूत मान्यतालाई दृष्टिगत गरी यस प्रतिष्ठानले विभिन्न प्रशिक्षण कार्यक्रमहरुका स्वरुप निर्धारण गर्दछ ।

प्रहरी संगठनको विकास सँगसँगै प्रशिक्षण संस्थाहरुको पनि विकास भएको पाइन्छ। प्रारम्भमा तालिम-संस्थाका रुपमा सदर प्रहरी तालिम केन्द्रमात्र रहेको थियो । तत्पश्चात् देखिएको आवश्यकता र सांगठनिक नीतिअनुसार पाँचै क्षेत्रमा क्षेत्रीय प्रहरी तालिम केन्द्रहरुको स्थापना हुन गयो । सेवा विशिष्टीकरण गर्ने संगठनको केन्द्रीय नीतिअनुरुप हाल प्रशिक्षण संस्थाहरुलाई समेत विशिष्टीकरण गर्नुपर्ने सोचाइले प्राथमिकता पाएको छ । सोहीअनुरुप साविकको सदर प्रहरी तालिम केन्द्रलाई स्तरवृद्धि गरी राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानमा परिवर्तित गरिएको छ । जसले, सिनियर प्रहरी अधिकृतहरुलाई आधारभूत, उन्नत, अनुशिक्षणलगायत विभिन्न तालिमहरु प्रदान गर्दछ । अनुसन्धानसम्बन्धी प्रशिक्षणका लागि अपराध अनुसन्धान विद्यालय महाराजगन्जमा रहेको छ भने जुनियर प्रहरी अधिकृत आधारभूत तालिमका लागि प्रहरी तालिम महाविद्यालय ककनीमा स्थापित छ । एवं रुपमा, सशस्त्र तालिम प्रदान गर्नका लागि सशस्त्र प्रहरी तालिम महाविद्यालय डाँडापाखर र प्रहरी जवान आधारभूत तालिमका लागि क्षेत्रीय प्रहरी तालिम केन्द्रहरु पाँचवटा कार्यरत् छन् । साथै सवारी आवागमनसम्बन्धी तालिम उपत्यका ट्राफिक प्रहरी कार्यालयबाट गराइदै आइएको छ ।

उपर्युक्त प्रशिक्षण संस्थाहरुको तत्वावधानमा समय-समयमा अधिराज्यका विभिन्न स्थानहरुमा सेमिनार, गोष्ठी र कार्यशालाहरु पनि आयोजना हुने गर्दछन् । जसको प्रमुख उद्देश्य प्रहरी र जनताबीच प्रत्यक्ष रुपमा असल सम्बन्ध विकसित गर्नु हो । विषयगत समस्याहरुको समाधानका लागि सरकारी तथा गैर सरकारी संस्थाहरुलाई समेत सहभागी बनाई सबैको सहमतिमा एउटा साझा निष्कर्षको बाटो पहिल्याउने यस प्रतिष्ठानको लक्ष्य रहिआएको छ ।



प्रहरी निरीक्षक आधारभूत तालिम १११ औं टोलीको दीक्षान्त समारोहको एक झलक

# Police Training in the Changed National Context



*Prime Minister K. P. Bhattarai accepting Salute in the passing out ceremony*

The prime responsibility of National Police Academy is to plan different professional training programmes necessary for human resource development and to properly manage the implementation aspect. In view of the changed national and international environment, this academy explores, develops and conducts different training programmes. The academy wholly engages itself in assessing the possible challenges that may be encountered by Nepal police, which is ready to enter the new millennium by producing the police manpower ready to counter the challenges.

Human beings are treated not only as resources but also as capital under the new thinking and approach. The administrative principle regards manpower as the life-saving oxygen of the organisation. On the other hand, there is the felt need to constantly keep the manpower or oxygen of the organisation pollution-free which is possible through training activities. Thus, keeping in view the fundamental values of the organisation, the organisation determines various training programmes.

With the development of police organisation training institutes have also developed in course of time. Initially, there was only Central Police Training Centre to serve as the training institute. Then, in accordance with the need and policy of the organisation, regional police training centres were established in all the five development regions. In conformity with the organisations central policy for service specialisation, the need for specialisation of training institutes has received priority. Accordingly, Central Police Training Centre of the past has been upgraded and changed into National Police Academy which provides various training to senior police officers such as basic and advanced training, orientation, etc. Crime Investigation School, Maharajgunj serves as the training institute regarding training in investigation while Police Training College, Kakani has been established to provide basic training for junior police officers. Similarly, Armed Police Training College Dandapakhar serves as the training institute to provide armed police training and five Regional Police Training Centres provide basic training for constables. Likewise, traffic police training is being given by Valley Traffic Police office itself.

Different seminars, symposiums and workshops are also held in different parts of the country under the auspices of the above mentioned training institutions. The main objective of such training is to directly develop good relationship between the police and the people. The goal of this academy is to ensure participation of government and non-government organisations for tackling the subjective problems and exploring and arriving at a common conclusion with the consensus opinion of all.



*Meeting on the role of training in changed national context*

# प्रहरी नायव महानिरीक्षकहरूको प्रतिवद्धता

# Commitments of Deputy Inspector Generals



## प्र.ना.म.नि. डा. प्रेमलाल श्रेष्ठ
**वीरेन्द्र प्रहरी अस्पताल, महाराजगञ्ज**

२०४० सालमा वीरेन्द्र प्रहरी अस्पतालको स्थापना गरी स्वास्थ्य उपचार सेवाको थालनी भएको हो । यस अस्पतालको गुरु योजनाअनुरुप चरणवद्ध रुपमा २५ शय्याबाट क्रमशः ५०, १०० र हाल १५० शय्या संचालित छन् भने क्षेत्रीय अस्पतालको रुपमा दीपायल तथा नेपालगन्जमा समेत सेवा संचालन गरिएका छन् । विगत ५ वर्षदेखि भूतपूर्व प्रहरी तथा बहालवाला प्रहरी परिवारको उपचार सेवाको थालनी पनि भइसकेको छ ।

प्रहरी स्वास्थ्य-सेवालाई अझ बढी दरिलो र प्रभावकारी तुल्याई समस्त प्रहरी कर्मचारीहरु, निजका आश्रित परिवार तथा भूतपूर्व प्रहरीहरुको स्वास्थ्य उपचार सेवालाई अझै सुदृढ पार्ने लक्ष्य लिइएको छ । साथै यस अस्पतालमा ५० शय्या थप गरी कुल २०० शय्याको केन्द्रीय अस्पतालको रुपमा संचालन गरिने योजना रहेको छ । प्रहरीको स्वास्थ्य उपचारको साथै असामान्य स्थितिमा जनसाधारणलाई समेत सेवा पुऱ्याउने हुनाले अधिराज्यका पाँचै विकास क्षेत्रमा २५ शय्याको क्षेत्रीय अस्पताल क्रमशः स्थापना गर्दै जाने समेत थप योजना गरिएको छ ।

## D.I.G.P. Dr. Prem Lal Shrestha
**Birendra Police Hospital, Maharajgunj**

Nepal Police started to provide medical treatment facili to its staff after the establishment of Birendra Police Hospit in 1983. This hospital was constructed in different phase upgrading gradually from 25-bed to 50 , 100 and 150-be hospital. There are currently 150 beds in this hospital an medical facility has been provided to police personnel throug regional hospital in Dipayal and Nepalgunj also. The treatmer of families of in-service and retired police employees has als been started 5 years ago.

The goal of the organisation is to further strengthen th treatment facility in the hospital through effectiv management of health service to all the police employees their dependent family members and former police employees. Moreover, there is also a plan to add other 50 beds in this hospital and run it as the 200-bed central hospital. The organisation has also an additional plan to gradually establish 25-bed regional hospital in all the five developmen regions to provide treatment to police personnel and also to the common people in emergency cases.

## प्र.ना.म.नि. भरतराज शर्मा
**प्राविधिक निर्देशनालय, प्र.प्र.का.**



प्रहरी संगठनलाई आवश्यक प्राविधिक सेवाको आपूर्ति गर्ने उद्देश्यले यो निर्देशनालय कार्यरत् छ । यसअन्तर्गत संचार, कम्प्युटर, सवारी र आवास तथा भौतिक परियोजना महाशाखाहरु रहेका छन् ।

प्रहरी संचार अति संवेदनशील वैज्ञानिक उपकरणमा आधारित रेडियो संचार हो । अधिराज्यका विभिन्न प्रहरी इकाइहरुमा आवश्यकताअनुसार

## D.I.G.P. Bharat Raj Sharma
**Technical Directorate, PHQ**

There are Communications, Computer, Vehicle, and Housing and Physical Planning Divisions under this directorate. This body is functioning to provide necessary technical service to the police organisation. Police communication is radio communication based on highly sensitive scientific equipment. An advanced network has been maintained by installing

संचार-साधनहरु स्थापना गरी एउटा विकसित नेटवर्क कायम गरिएको छ । कम्प्युटरतर्फ विविध सफ्टवेयरहरु तयार गरी प्रयोगमा ल्याइएको छ भने संगठनको आवश्यकताअनुरुप नयाँ नयाँ सफ्टवेयरहरु तयारी गरिने कार्यक्रम रहेको छ । Geographical Information System (GIS) प्रविधिलाई प्रहरी कार्यहरुमा प्रयोग गरी कार्य सम्पादनको प्रभावकारिता बढाउने उद्देश्यसमेत रहेको छ ।

प्रहरी-कार्य सम्पादनमा आवश्यक पर्ने विविध प्रकारका सवारी-साधनहरु आवश्यकताअनुसार मातहत इकाइहरुलाई उपलब्ध गराइएका छन् भने प्रहरी कारबाहीमा हेलिकप्टरको आवश्यकता महसुस भएको हुँदा सो उपलब्ध गराउनेतर्फ कार्यहरु भइरहेका छन् । एवं रुपमा संगठनको कार्य कुशलताको निमित्त भौतिक पूर्वाधारहरु जस्तै कार्यालय, व्यारेक आदि निर्माण गर्न यस निर्देशनालयले योगदान दिँदैआएको छ । श्रोत, साधनले भ्याएसम्म जनपद प्रहरीतर्फ आधुनिक सुविधायुक्त कार्यालय भवनहरु तथा सशस्त्र प्रहरीतर्फ व्यारेक, भान्सा आदिलाई प्राथमिकता दिई योजनावद्ध तरिकावाट निर्माण कार्य भइरहेका छन् ।

communication equipment in different police units all over the kingdom as required. As far as computer service is concerned, various softwares have been developed and used while the task of preparing new software is in the process. The organisation also aims to use Geographical Information System (GIS) technology in policing to enhance the police performance.

Vehicles have been provided to different units as required to enhance police performance. As the need for a helicopter has been felt for effective police operation, necessary procedure has begun to procure the helicopter. In this way, this directorate has been assisting in building physical infrastructure, such as office building, barrack etc. Office building with modern amenities are being constructed for civil police and barrack, kitchen etc. are being constructed for armed police in a systematic manner giving them top priority as far as the resources permit.

## प्र.ना.म.नि. गोविन्द प्रसाद थापा

**तालिम निर्देशनालय, प्र.प्र.का**



नेपाल प्रहरीले तालिमद्वारा समुचित जनशक्तिको विकास गर्ने कुरामाथि धेरै जोड दिएको छ । विभिन्न प्रकृतिका तालिमहरुको आवश्यकता पहिचान गरिसकिएको छ । हालका वर्षहरुमा उत्पादकत्व र तालिमको गुणस्तरमा वृद्धि भएको छ । तालिम गतिविधिको पहिचान, योजना, कार्यक्रम निर्धारण, अनुसरण र मूल्यांकनका लागि तालिम निर्देशनालय विशेषत: जिम्मेवार रहन्छ । तालिम प्रशासनको समन्वय र सञ्चालनका लागि पनि यो निर्देशनालय नै जिम्मेवार हुन्छ ।

प्रहरी संगठनमा विभिन्न तालिम संस्थाहरु छन् । राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानले वरिष्ठ प्रहरी अधिकृतहरुलाई व्यवस्थापन र सुरक्षासम्वन्धमा तालिम प्रदान गर्दछ । काठमाडौंस्थित डिटेक्टिभ स्कूलले अपराध अनुसन्धानबारे उच्चस्तरीय तालिम प्रदान गरिरहेको छ । ककनीस्थित प्रहरी तालिम महाविद्यालयले जु.प्र.अ.का लागि आधारभूत तथा उच्चस्तरको तालिम प्रदान गर्दछ । अन्य दर्जाका कर्मचारीहरुका लागि पाँच विकासक्षेत्रमा रहेका क्षेत्रीय तालिम केन्द्रहरुले आधारभूत र उच्चस्तरको तालिम सञ्चालन गर्छन् । सामरिक महत्वका विषयमा तालिम सञ्चालन गर्न डाँडापाखरमा एउटा सशस्त्र प्रहरी तालिम महाविद्यालय स्थापना भएको छ ।

तालिम निर्देशनालयले अन्य देशहरुका तालिम संस्थाहरुसित तालिम कार्यक्रम आदान-प्रदान गर्ने कार्यमा समन्वय पनि गर्नेगर्दछ । वेलायत, अमेरिका, सिंगापुर, भारत, डेनमार्क र दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन (सार्क) का अन्य देशहरुसित यस्ता तालिम आदान प्रदान हुने गरेका छन् । भारत, श्रीलंका, वंगलादेश, माल्दीभ्स, भूटान र पाकिस्तानका प्रहरी अधिकृतहरुले राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानमा सम्मेलन र अनुसन्धान विषयको अध्ययनमा भाग लिएका छन् ।

## D.I.G.P. Govind Prasad Thapa

**Training Directorate, PHQ**

Nepal Police has given much emphasis on the development of good manpower through training. The identification of the needs for the various natures of training has been made. Productivity and quality of the training have improved in recent years. The Directorate of Training is basically responsible for the identification, planning, programming, monitoring and evaluation of training activities. It is also responsible for the co-ordination and facilitation aspects of the training management.

There are several training institutions in the police organization. There is a National Police Academy in Kathmandu , which provides training to senior police officers on management and security matters. The Detective school in Kathmandu is conducting advance level training on investigation of crimes. The training to women police on investigation of crimes against women and children has been very effective to protect rights of victims. There is a Police Training College at Kakani which conducts basic and advance level training courses for Junior Officers. Five Regional Training centres located at five developmental regions of the kingdom conduct basic and advance courses for other ranks of the organization. The Armed Police Training College at Danda Pakhar is established, mainly for delivering tactical courses to all ranks.

The Training Directorate also co-ordinates with other training institutes of other countries for exchange of training programs. They include UK, USA, Singapore, India, Denmark and other SAARC countries. Police officers from India, Sri Lanka, Bangladseh, Maldives, Bhutan and Pakistan have participated in seminars and detective courses in National Police Academy.

## प्र.ना.म.नि. श्यामभक्त थापा

### पूर्व क्षेत्रीय प्रहरी कार्यालय, विराटनगर



## D.I.G.P. Shyam Bhakta Thapa

### Eastern Regional Police Office, Biratnagar

यस क्षेत्रमा अपराधको अनुसन्धान कार्य प्रभावकारी र सफलतापूर्वक सम्पन्न गर्नको निमित्त Proactive Approach अवलम्वन गरिएको छ भने सवुद प्रमाणमा आधारित अनुसन्धान कार्यलाई विशेष जोड दिइएको छ। प्रहरी सेवालाई छिटो-छरितो बनाउनको निमित्त समाजका असहाय तथा अपराधवाट वढी प्रभावित जनतालाई सरलढंगबाट सेवा प्रदान गर्न प्रभावित इलाकाहरुको अपराध प्रवृति (Crime Pattern Analysis) को विश्लेषण कार्य गर्ने गरिएको छ ।

सडक-सुरक्षाको हकमा पीडितवर्गको अध्ययन, विश्लेषण गरी त्यस समूहमा चेतना अभिवृद्धि गराउने कार्यक्रम चलाइएको छ। चालकहरुलाई वढी सचेतता र कानून पालनामा उत्साहित होस् भन्ने हेतुले वार्षिक रुपमा उत्कृष्ट चालकको छनौट गरी Best Driver of the Year द्वारा पुरस्कृत गर्ने प्रकृयाको थालनी भइसकेको छ। सीमा-अपराध नियन्त्रणका लागि छिमेकी राष्ट्रका प्रहरीहरुसँग समन्वय गर्दै आइएको छ भने आतंककारी समस्या सामना गर्न र गराउनको निमित्त योजनावद्ध ढंगबाट सुराकी विकास र परिचालन, सहयोगीहरुको पहिचान, दक्ष जनशक्ति उत्पादनको निमित्त उपयुक्त प्रशिक्षण कार्यक्रमको आयोजना र पूर्व योजनाअनुसार Proactive Patrol आदि व्यवस्थालाई लागू गरिएको छ ।

In this region, proactive approach has been adopted to investigate crimes effectively and successfully. At the same time, special emphasis has been laid on investigation based in physical evidence. Crime Pattern Analysis is done in the affected areas to provide police service promptly and speedily to the people who are in distress and most affected by crimes.

As far as the question of road safety is concerned, study and analysis of the affected people is conducted and consciousness level of the affected people is increased. A new beginning has been made to select and reward the Best Motorist of the year annually to enhance consciousness among the drivers and motivate them to respect laws of the land.

The organisation has maintained coordination with the neighbouring country's police force to control border crimes. Arrangement has been made for mobilization of informers, indetification of by sympathisers, appropriate training to produce skilled man power and for proactive patrol to fight against the problem of terrorism.

## प्र.ना.म.नि. अनन्तराम भट्टराई

### मध्य क्षेत्रीय प्रहरी कार्यालय, हेटौंडा



## D.I.G.P. Ananta Ram Bhattarai

### Central Regional Police Office, Hetauda

यस क्षेत्रको शान्ति, सुरक्षा र अपराधको स्थितिलाई विगत वर्षहरुसँग तुलनात्मक विश्लेषण गर्दा संख्यात्मक रुपले स्थिर देखिएको छ। गहन प्रकृतिका अपराधहरु, लागू औषध ओसार-पसार तथा आतंककारी गतिविधि र क्रियाकलाप नियन्त्रण गर्न विशेष योजना वनाई प्रहरी संचालन गरिएको छ। सामाजिक अपराध रोकथामका लागि प्रयत्नशील गैरसरकारी संस्थाहरुसँग समन्वय राखी कार्य गरिदै आइएको र यस्तो कार्य उपलब्धिमूलक रहेको पाइएको छ।

छिमेकी भारतसँगको खुला सीमाना, जनसंख्या वृद्धि तथा सीमा क्षेत्रको आवागमनबाट सृजित अपराधहरु एकातर्फ बढिरहेको छ भने अर्कोतर्फ आतंककारीहरुले हत्या, लुटपाट, डकैती, आगजनीजस्ता जघन्य अपराधहरु घटाइरहेको पाइन्छ।

A comparative analysis of the law and order and crime situation of this region with that of the past years shows that it is numerically more stable this year. Police personnel have been mobilised by preparing special plans to control crimes of serious nature, drug trafficking and terrorism. The task of controlling social crimes are being undertaken in coordination with non-governmental organisations engaged in controlling crimes and such joint efforts have achieved better results.

On the one hand, crimes committed due to open border with India, increasing population and free movement of people across the border have been increasing while on the other, terrorists are committing crimes like murder, looting, dacoity

यो परिस्थितिको सामना गर्न प्रहरी कर्मचारी दक्ष, सचेष्ट र क्रियाशील रहिरहनु नितान्त आवश्यक भएको छ । मध्य क्षेत्र प्रहरी कार्यालय यस आवश्यकतातर्फ केन्द्रित रही कार्य गर्दैआएको छ । यस्ता अपराधहरुको नियन्त्रणका लागि आमनागरिकको सहयोग पनि त्यत्तिकै आवश्यक पर्ने हुँदा आपसी समन्वय बढाउने प्रयत्न भइरहेको छ । त्यसैले समाजमा शान्ति, सुरक्षा र अमनचैन कायम राख्ने कार्यमा हामी सबैको सहयोगको अपेक्षा गर्दछौं ।

and arson. It is, therefore, imperative that the police staff should continue to remain skilled, vigilant and active to cope with this situation. The Central Regional Police Office is actively focussing its attention on all these problems. Since the cooperation of the common citizen is also equally essential efforts are being made to enhance mutual coordination with them. Therefore, in the task of maintaining law and order in the society we expect cooperation from all the people.

## प्र.ना.म.नि. सहवीर थापा

**उपत्यका प्रहरी कार्यालय, रानीपोखरी, काठमाडौं**



वर्तमान परिप्रेक्ष्यमा प्रहरीको गतिविधिलाई Reactive भन्दा Proactive तर्फ उन्मुख गराउने उद्देश्यले समय-समयमा स्थानीय जन समुदाय तथा प्रतिनिधिहरुसँग अन्तरक्रिया, सामुदायिक सम्पर्क, विचार गोष्ठी, स्कूल सम्पर्क कार्यक्रम, जनसमुदायको सुझाव तथा उजूरी संकलन, सूचना संकलन, आवश्यक तालिम तथा अनुशिक्षणको व्यवस्था र नियमित पेट्रोलिङ व्यवस्थाजस्ता विभिन्न कार्यक्रमहरु संचालन गर्दै आइएको छ ।

उपत्यकामा बढ्दो अव्यवस्थित शहरीकरण, औद्योगिकीकरण तथा जीवनपद्धतिमा आएको परिवर्तनले अपराध दरमा वृद्धि हुन पुगेको छ । सवारीसाधनको चापको अनुपातमा सडक विस्तारको कमी तथा भौतिक पूर्वाधारको अभावले ट्राफिक व्यवस्थापन पक्ष चुनौतीपूर्ण रहँदैआएको छ । यसका लागि दीर्घकालीन तथा अल्पकालीन योजना, नीतिको तर्जुमा र कार्यान्वयन पक्षको आवश्यकता टड्कारो रुपमा महसुस गरिएको छ ।

## D.I.G.P. Sahabir Thapa

**Valley Police Office, Rani Pokhari, Kathmandu**

This office has been conducting various programmes from time to time, like interaction with local people and their representatives, establishing liaison with community, symposium, school liaison programme, collection of people's suggestion and complaints, information collection, arrangement of necessary training and orientation, and regular patrolling to make police activities reactive and proactive in the present context.

There has been an increase in the crime rate in the valley due to unplanned urbanisation, industrialisation and change in life style. In proportion to the pressure of transport vehicles, there is shortage of road expansion and physical infrastructure and this has posed a challenge to traffic management. For this, the need has been clearly felt to draw up short-term and long-term plans and policies the address the situation.

## प्र.ना.म.नि. रविकान्त अर्याल

**पश्चिम क्षेत्रीय प्रहरी कार्यालय, पोखरा**



२१ औं शताब्दीका नयाँ-नयाँ चुनौतीहरुलाई सामना गर्ने उद्देश्यले मौजुदा प्रहरीशक्तिलाई समयानुकूल दक्ष एवं प्रभावकारी तुल्याउनुपरेको छ । प्रहरी कर्मचारीमा पेशागत निपूणता ल्याउन आवश्यकता पहिचानको आधारमा तालिम, अनुशिक्षण तथा गोष्ठीहरु संचालन गर्ने लक्ष्य लिइएको छ । प्रहरी कारवाही युक्ति अनुशिक्षण तालिम सञ्चालन गर्न क्षेत्रवाट प्रत्येक जिल्ला-जिल्लामा प्रशिक्षक तयारी

## D.I.G.P. Rabi Kant Aryal

**Western Regional Police Office, Pokhara**

The existing police force needs to be updated as required to make them skilled, effective and capable of successfully meeting the challenges of the 21st century. There is a target to conduct training, orientation and seminars to enhance professional excellence of the police force on the basis of identified needs. Arrangement has been made to prepare instructors and send them from the regional office to different districts to conduct tactical training on the basis

गरी पठाउने व्यवस्था मिलाइएको छ । घटित अपराधहरुको Crime Pattern Analysis का आधारमा Proactive Policing र Community Policing लाई सुदृढ गर्ने लक्ष्य राखिएको छ ।

आतंककारी गतिविधिको प्रभाव यस क्षेत्रको गोरखा, लमजुङ, पर्वत र गुल्मीजस्ता पहाडी जिल्लामा परेको छ । यसलाई नियन्त्रण गर्न विशेष प्रहरी परिचालन गरिएको छ जसअनुसार विशेषटोलीको रुपमा काम गर्ने गरी सिनियर प्रहरी अधिकृतको कमाण्डमा आवश्यकता अनुसार टोली परिचालन गरिँदैआइएको छ । समाजमा भएको अपराध तथा विकृतिको प्रभावलाई रोक्न मातहत इकाइ समेतमा प्रभावकारी प्रहरी परिचालनको व्यवस्था मिलाइएको र अपराध अनुसन्धान समूहलाई सक्रिय तुल्याइएको छ ।

of crime pattern analysis of crimes committed, there is a plan to translate into reality pro-active policing and community policing.

Terrorist activities have affected hilly districts like Gorkha, Lamjung, Parbat and Gulmi. Special police teams have been mobilised to control terrorism. Under the arrangement 12 teams have been mobilised led by Senior Police Officers. To stop crimes and effects of degradations arrangement has been made for effective police mobilisation in the subordinate units also and crime investigation group has been activated.

## प्र.ना.म.नि. राजेन्द्र बहादुर सिंह

**मध्य पश्चिम क्षेत्रीय प्रहरी कार्यालय, नेपालगञ्ज**



केही तराई र भित्री मधेस तथा अधिकांश दुर्गम पहाडी जिल्लाहरुको बाहुल्य रहेको यस मध्य पश्चिम क्षेत्रमा हालै केही वर्षदेखिको मुख्य चुनौती नै आतंककारी र ध्वंसात्मक गतिविधि रहेको छ। आतंककारीहरुले राजनीतिक दलका कार्यकर्ताहरु, निर्दोष जनताहरु साथै शान्ति सुरक्षार्थ कार्यरत् प्रहरीमाथि समेत खुलेआम सशस्त्र आक्रमण गरी हत्या गर्दै आएकोले पहाडी समाजमा थप संत्रासको वातावरण सिर्जना भएको देखिएको छ। यस किसिमका लुटपाट, तोडफोड, हिंसात्मक घटनाहरुलाई नियन्त्रण गरी जनतालाई भय र त्रासबाट मुक्त गर्दै सुरक्षित जीवनको प्रत्याभूति प्रदान गर्न गाउँ-गाउँमा प्रहरी गस्ती परिचालन गरिएको छ ।

अशिक्षा, अचेतना र बेरोजगारीका कारण हुने सामाजिक-आर्थिक अपराधहरुदेखि लिएर अव्यवस्थित खुल्ला सीमानाबाट प्रवेश पाउने संगठित अपराध, आतंककारी अपराध र यसका गतिविधिहरु हालको प्रहरी परिचालनबाट विगतको तुलनामा ह्रास आएको देखिन्छ । एकातिर चोरी, डाँका, हत्या, तस्करी, लागू औषधको कारोबारजस्ता आपराधिक र अन्य आतंककारी हिंसात्मक क्रियाकलापमा धेरै नियन्त्रण भएको छ भने अर्कोतर्फ प्रहरी व्यवस्थापन र प्रहरी मनोबलमा त्यतिकै मात्रामा विकास गरिएको छ ।

## D.I.G.P. Rajendra Bdr. Singh

**Mid-western Regional Police Office, Nepalgunj**

Terrorism and destructive activities are some of the main challenges of this mid-western region which consists of some Terai and inner Terai and bulk of the hilly districts. The terrorists are openly launching armed attacks on political party workers, innocent people and police personnel engaged in the task of maintaining law and order and are killing them. Therefore it has additionally created an environment of terror among the hilly people. To get rid of terrorists, and make people free from fear and ensure their security by brining an end to looting vandalism and violent activities, police patrolling has been launched in different villages.

As a result of the present system of police patrolling, there has been a decline in verious crimes which take place due to ignorance, lack of consciousness and unemployment, organised crimes flourishing due to unplanned open border and terrorist crimes and activities. Terrorist activities and also criminal activities like theft, dacoity, murder, smuggling and drug trafficking have been controlled to a large extent. Similarly, police management has improved and the morale of police is high.

## प्र.ना.म.नि. ओम विक्रम राणा

**सुदूर पश्चिम क्षेत्रीय प्रहरी कार्यालय, दीपायल**



## D.I.G.P. Om Bikram Rana

**Far-western Regional Police Office, Dipayal**

सेती र महाकाली २ अञ्चलका दैनिक घटना, अपराध, प्रशासकीय काम-कारबाहीको सूक्ष्म अध्ययन गरी यस कार्यालयले विभिन्न निकायहरुबीच आपसी समन्वय गराएको छ। हाल मुलुकमा देखिएको असंवैधानिक, अप्रजातान्त्रिक, आतंककारी गतिविधिलाई नियन्त्रण गर्न यस क्षेत्रका सीमित स्रोत-साधनलाई अधिकतम् परिचालन गरिएको छ। साथै आतंककारी गतिविधि नियन्त्रण गर्न गाउँ-गाउँमा सर्वदलीय सुरक्षा समिति गठन गरी सूचना संकलन प्रक्रियालाई सुदृढ बनाइएको छ।

प्रहरी कर्मचारीहरुको पेशागत क्षमतामा अभिबृद्धि गर्न क्षेत्रीय प्रहरी तालिम केन्द्रमा समयानुकूल तालिम संचालन भइरहेको छ। ट्राफिक व्यवस्थालाई जनतामा विश्वसनीय बनाउन स्कूल सम्पर्क कार्यक्रम, ट्राफिक जनचेतना कार्यक्रम, सवारीचालकलाई सवारीसम्बन्धी थप ज्ञान दिने कक्षा आदि संचालन गराइएको छ। दैवी प्रकोप उद्धार कार्यमा आवश्यकतानुसार प्रहरी कर्मचारी परिचालन गरिएको छ भने अवैध हातहतियार, चोरी निकासी पैठारी, लागू औषधजस्ता अपराधका संगठित अपराधीहरुलाई निरुत्साहित पार्न सीमा जाँचको कडा व्यवस्था अवलम्बन गरिएको छ।

This office has conducted subtle study of daily events, crimes and administrative actions taking place in Seti and Mahakali zones and established mutual coordination among different units. There has been maximum mobilisation of the limited resources of this region to control the unconstitutional, undemocratic and terrorist activities going on in the country. Similarly, all-party security committees have been set up in different villages to control terrorism and the system of collecting information has been strengthened.

Timely training courses are being conducted in the regional police training centres to promote professional efficiency of the police staff. To make traffic management credible in the eyes of people, school liaison programme and traffic awareness programme have been carried out and classes have been run for motorists to enhance their knowledge. Police staff have been mobilised in natural disaster relief operations as required and stringent measures of border checking have been introduced to discourage organised criminal gangs dealing in illegal weapons, smuggling and drug-trafficking.





KARNALI HELICOPTER TOURS

Hop-In-Hell
*Everest *Muktinath
*Langtang Valley *Annapurna Sanctuary

Heli-Trekking
A concept to cope with time factor to enjoy the adventure and excitement of an authentic trek

Others:
Rescue/medical evaluation, aerial photography, filming and survey, and custom charter services

For Details

KARNALI AIR PVT. LTD.
Kalimatidole, Kathmandu, Nepal
Tel: 977-1-488553, 488618, 491415, Fax: 977-1-488288, 493302
Email: karnaair@mos.com.np
URL: http://www.karnali-helicopter.com

# प्रहरी उत्सव तथा पर्वहरु

*मानवसभ्यताको विकासले नयाँ युगमा पदार्पण गर्दै रहेको वर्तमान समयमा परम्परागत उत्सव, समारोह तथा पर्वहरुलाई जगेर्ना र संवर्धन गर्ने अभिलाषास्वरुप नेपाल प्रहरीले विभिन्न उत्सव तथा चाडपर्वहरु मनाउँदै आएको छ । आधुनिक प्रविधिजन्य परिवेशमा मनाइने पारम्परिक पृष्ठभूमिका प्रहरी दिवस, बीटिङ रिट्रीट तथा शुभजन्मोत्सव समारोहअन्तर्गतका विविध मनोरन्जनात्मक सांस्कृतिक कार्यक्रमहरुबाट संगठन, समाज एवं राष्ट्रकै प्रतिष्ठा बृद्धिमा योगदान पुग्न गएको छ ।*

## प्रहरी दिवस - २०५५

प्रहरी दिवस - २०५५ को पुनीत उपलक्ष्यमा असोज ३१ गते प्रहरी प्रधान कार्यालयमा आयोजित समारोहमा श्री ५ युवराजाधिराज दीपेन्द्र वीर विक्रम शाहदेव सवारी भइबक्सिई नेपाल प्रहरीद्वारा प्रदर्शित "प्रहरी प्रदर्शनी" नजर गरिबक्सियो । मौसूफ सरकारका जुनाफमा प्रहरी महानिरीक्षक अच्युतकृष्ण खरेलले कार्यक्रम पुस्तिका तथा नेपाल प्रहरीको तर्फबाट उपहार चढाउनुभयो । समारोहमा सम्माननीय प्रधानमन्त्री, प्रधान न्यायाधीश, प्रतिनिधिसभाका सभामुख, मन्त्रीगण, संवैधानिक अंगका प्रमुखहरु, राजदरबारका पदाधिकारीहरु, कूटनीतिक नियोगका प्रमुखहरु, विशिष्ट श्रेणीका कर्मचारीहरु तथा पत्रकारहरुको उपस्थिति रहेको थियो ।

सोही दिन आयोजित श्रद्धाञ्जलि समारोहमा प्रहरी महानिरीक्षकले पेशागत कर्तव्य निर्वाहको क्रममा मृत्युलाई अत्यन्त सहज रुपमा वरण गर्ने वीर अमर प्रहरीप्रति भावपूर्ण श्रद्धाञ्जलि अर्पण गर्नुभएको थियो । सोही दिन साँझ श्री ५ महेन्द्र पुलिस क्लब, भृकुटीमण्डपमा 'प्रहरी पुनर्मिलन समारोह' को समेत आयोजना गरिएको थियो ।



*श्री ५ युवराजाधिराजबाट शाही सलामी ग्रहण गरिबक्सँदै*

*His Royal Highness the Crown Prince accepting Royal Salute*

# Police Ceremonies and Festivals

***Nepal Police has been observing various ceremonies and festivals with a view to preserving the traditional values. Various entertaining cultural programmes like Police Day, Beating Retreat and birthday ceremonies which are observed in the traditional background contribute to enhancing the prestige of the Police organization society and the country as a whole.***

## Police Day-1998

*His Royal Highness Crown Prince Dipendra Bir Bikram Shah Dev* graced the Police Day programmes organized by Nepal Police at the Police Headquarters on the occasion of the Police Day on October 17 and witnessed the Police programme "Presented by Nepal Police. On the occasion, Inspector General of Police Achyut Krishna Kharel presented the programme booklet and gift to *His Royal Highness* on behalf of Nepal Police. Among those present at the ceremony were the Prime Minister, Chief Justice, Speaker of the House of Representatives, ministers, heads of the constitutional bodies, Royal Palace officials, heads of diplomatic missions, special class employees and journalists.

At the function of paying tribute organised to mark the Police Day, the Inspector General of Police paid glowing tributes to the immortal police employees who laid down their lives in the line of duty. The same evening, Police reunion ceremony was organised at Shree Panch Mahendra Police Club, Bhrikutimandap.

# प्रहरी दिवसका झलकहरु

# Glimpses of Police Day 1998



श्री ५ युवराजाधिराज सरकारका जुनाफमा प्र.म.नि. खरेल उपहार चढाउँदै

*I.G.P. Kharel presenting gift to* ***His Royal Highness the Crown Prince***



शाही सलामी अर्पण

*Offering Royal Saluate*



झाँकी प्रदर्शनको एक दृश्य

*A glimpse of pageantry show*



श्री ५ युवराजाधिराज सरकारबाट प्रहरी प्रदर्शनी नजर गरिबक्सदै

***His Royal Highness the Crown Prince*** *gracing the police exhibition*

## बीटिङ रिट्रीट - २०५५

<u>श्री ५ बडामहारानी ऐश्वर्य राज्यलक्ष्मी देवी शाह सरकारको</u> शुभ-जन्मोत्सवको पुनीत उपलक्ष्यमा नेपाल प्रहरीको हरेक वर्ष बीटिङ रिट्रीट कार्यक्रमको आयोजना गरी मौसूफ सरकारको सुस्वास्थ्य, दीर्घायु र अटल सौभाग्यको कामना गर्ने गौरवमय परम्परा रहेको छ ।

मौसूफ सरकारको ५० औं शुभ-जन्मोत्सवको अवसरमा राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान, महाराजगंजमा आयोजित बीटिङ रिट्रीट- २०५५ नजर गरिबक्सन <u>श्री ५ युवराजाधिराज दीपेन्द्र वीर विक्रम शाहदेव सरकार</u> सवारी भइबक्सेको थियो ।

## Beating Retreat-1998

There is a glorious tradition of holding Beating Retreat programmes every year on the auspicious occasion of *Her Majesty the Queen's* Birthday by expressing best wishes for good health, long life and happiness of Her Majesty.

*His Royal Highness the Crown Prince* visited National Police Academy and witnessed beating Retreat-1998 on the auspicious occasion of the 50th birthday of *Her Majesty the Queen.*



*श्री ५ युवराजाधिराजबाट पुरस्कार प्रदान गरिबक्सँदै*

***His Royal Highness the Crown Prince** awarding prizes*

The programme began with royal salute which was followed by different professional activities and cultural pageantry presented by Police teams of all the five development regions of the country. Tunes of musical band, various shows like mass aerobics, motorcycle stunt, firework, crime investigation from trained dogs were presented on the occassion.

Present at the function were the Prime Minister, Chief Justice, National Assembly Chairman, Raj Parishad Standing Committee Chairman, ministers, members of Parliament and high-level employees of His Majesty's Government and representatives of diplomatic missions.

शाही सलामीबाट शुरु भएको उक्त कार्यक्रममा अधिराज्यका पाँचै क्षेत्रका प्रहरीटोलीहरुबाट विभिन्न व्यावसायिक क्रियाकलाप एवं सांस्कृतिक झाँकीहरुको प्रदर्शन गरिनुका साथै संगीतमय बैण्ड धून, सामूहिक एरोबिक्स, मोटरसाइकल स्टण्ट, आतसबाजीलगायत प्रशिक्षित कुकुरको अपराध अनुसन्धानमा उपयोग आदि विविध प्रदर्शनसमेत गरिएको थियो ।

उक्त विशेष समारोहमा प्रधानमन्त्री, प्रधान न्यायाधीश, राष्ट्रियसभाका अध्यक्ष, राजपरिषद् स्थायी समितिका सभापतिलगायत मन्त्रीगण, सांसद, श्री ५ को सरकार तथा विदेशी नियोगका उच्चपदस्थ कर्मचारीहरुको उपस्थिति रहेको थियो ।

# बीटिङ रिट्रीटका झलकहरु

## Glimpses of Beating Retreat 1998



परम्परागत पञ्चैबाजा

*Traditional Panchai Baja*



महिला प्रहरीद्वारा राष्ट्रिय झण्डा तथा प्रहरी झण्डा फहराउँदै

*Women Police hoisting national flag and police flag*



खालीहात युद्ध कला प्रदर्शन

*Unarmed Combat*




ब्याण्ड प्रदर्शनी

*Band display*



जिम्न्यास्टिक प्रदर्शन

*Gymnastic show*



मोटरसाइकल स्टण्ट प्रदर्शन गर्दै

*Motorcycle stunt display*

## ‍जन्मोत्सव - २०५५

राष्ट्र र राष्ट्रवासीको श्रीवृद्धिमा निरन्तर चिन्तित रहने ाहवंशीय परम्पराअनुरुप राष्ट्रनायक श्री ५ महाराजाधिराज ोरेन्द्र वीर विक्रम शाहदेव सरकारबाट जनआकांक्षालाई उच्च ाथमिकता दिइबक्सने हुँदा मौसूफ सरकार समस्त नेपालीको आस्थाको केन्द्रविन्दु होइबक्सेको छ। राजसंस्था र देशवासी जनताबीच रहेको स्नेह, विश्वास र सौहार्द्रपूर्ण सम्बन्धले राष्ट्रिय एकतामा थप टेवा पुगेको महसुस गरिएको छ। यसै परिप्रेक्ष्यमा नेपाल प्रहरीले श्री ५ महेन्द्र पुलिस क्लबमा २०५५ पौष १५ गते विविध लोक साँस्कृतिक कार्यक्रमहरुसहित अति हर्ष र उल्लासका साथ मौसूफ सरकारको ५४ औं शुभजन्मोत्सव मनाएको छ।

श्री ५ युवराजाधिराज दीपेन्द्र वीर विक्रम शाहदेव सवारी होइबक्सेको उक्त कार्यक्रममा मौसूफ सरकारबाट "प्रहरी कार्यदक्षता प्रतियोगिता-२०५५" मा प्रथम हुने क्षेत्रीय प्रहरी इकाइ कार्यालय, पोखराका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक कुमार कोइरालालाई "किंग्स ब्याटन" प्रदान गरिबक्सेको थियो।

## BIRTHDAY 1998

In accordance with glorious tradition of the Shah dynasty to become always thoughtful for the prosperity of the country and people, *His Majesty King Birendra Bir Bikram Shah Dev* accords high priority to the aspiration of the people and is, therefore, the central figure of the trust of the entire Nepalese people. It has been felt that the affection, turst and cordial relationship between the crown and the people of Nepal have provided added support to national unity. It was under this context that Nepal Police observed the 54th auspicious birthday of *His Majesty the King* with a variety of cultural programme at Mahendra Police Club on December 30.

*His Royal Highness crown Prince Dipendra Bir Bikram Shah Dev*, who also graced the function, gave away King's Baton to chief of Regional Police Unit Office, Pokhara SSP Kumar Koirala declared first in Police Performance Efficiency Competition.



*श्री ५ महाराजाधिराज सरकारका जुनाफमा प्र.म.नि. खरेल पुष्पगुच्छा चढाउँदै*

*I.G.P. Kharel presenting bouquet to **His Majesty the King***

# शुभजन्मोत्सवका झलकहरु

## GLIMPSES OF BIRTHDAY CELEBRATION 1998



*श्री ५ युवराजाधिराज सरकारबाट साँस्कृतिक कार्यक्रम नजर गरिबक्सँदै*

*His Royal Highness the Crown Prince gracing cultural programme*



*एक लोकनृत्यको झलक*

*A scene of traditional cultural presentation*



<u>श्री ५ युवराजाधिराज सरकार</u>बाट क्षेत्रीय प्रहरी इकाइ कार्यालय पोखराका प्रहरी वरिष्ठ उपरीक्षक कुमार कोइरालालाइं किंग्स ब्याटन प्रदान गरिबक्सँदै

***His Royal Highness the Crown Prince** awarding King's Baton to S.S.P. Kumar Koirala of Regional Police Unit Office, Pokhara*



<u>श्री ५ महाराजाधिराज सरकार</u>बाट शाही सलामी ग्रहण गरिबक्सँदै

***His Majesty the King** accepting Royal Salute*



<u>श्री ५ युवराजाधिराज सरकार</u>का जुनाफमा उपहार चढाउँदै प्रहरी महानिरीक्षक

*IGP Kharel presenting gift to **His Royal Highness the Crown Prince***

## परम्परागत प्रहरी संस्कृति

वैदिक विधिको पालना गर्नु नेपाल प्रहरीको चिनारी हो। कार्यालय भवन, मन्दिर, विद्यालय तथा अस्पतालजस्ता भवन शिलान्यास गर्दा वा उद्घाटन गर्दा र कुनैपनि कार्यक्रम वा समारोह आरम्भ गर्दा पूजाआजा गरी पानसमा बत्ती बाली



*प्र.म.नि. खरेल बडादसैंको टीका लगाई दिनु हुँदै*

वैदिक विधिको पालना गरिन्छ। वडादशैंको शुभ-अवसरमा कोतपूजा, निशानपूजा गर्ने, तिहारको अवसरमा लक्ष्मीपूजा गर्ने, दीपावली गर्ने, वडादशैंमा टीका थापी आर्शिवाद लिने तथा कार्यालय हाताभित्र मन्दिर स्थापना गरी दैनिक पूजाआजाको व्यवस्था मिलाइएको छ।

प्रहरीको कुनै पनि तालिम शुरु गर्दा र समापन गर्दा औपचारिक रुपमा आरम्भ तथा सम्पन्न गरिने, वहालीको अवसरमा पदोन्नति गरिने, पदोन्नति हुँदा कार्यालय प्रमुखबाट दर्ज्यानी चिन्ह लगाउने, विशेष पर्वमा शुभ-कामना आदान प्रदान गर्ने तथा कार्यालयको वार्षिकोत्सव मनाउनेजस्ता प्रचलनहरु कायमै रहेको पाइन्छ। भूतपूर्व प्रहरीलाई ज्येष्ठ प्रहरीको नाताले यथोचित सम्मान दिनु पनि बहालवाला प्रहरी कर्मचारीको सदाचारभित्र पर्दछ। यसै कारण प्रहरी दिवसका दिन घोपित रुपमा र आवश्यकता अनुसार अन्य अवसरमा पनि आदर सत्कारपूर्वक 'भूतपूर्व प्रहरी पुनर्मिलन' गर्ने गरिन्छ।

दैवी प्रकोपमा परी कुनै प्रहरी कर्मचारी वा सर्वसाधारण जनताको जीऊधनको क्षति भएका वखत समय र परिस्थिति अनुकूल १ दिनको तलब कट्टा गरी पीडितलाई राहत पुऱ्याउने प्रहरी संस्कार रही आएको पाइन्छ। एवं रुपमा कुनै प्रहरी कर्मचारीको मृत्यु भएको अवस्थामा प्रहरी विधिअनुसार शवयात्रामा सहभागी हुने र मृतकको परिवारलाई सान्त्वना दिने संस्कार पनि पूर्ववत् रहँदैआएको छ।

## Traditional Police Culture

Nepal Police is also known for upholding vedic traditions. The vedic custom of paying homage to god and lighting oil-fed lamp is observed in laying foundation stone or inaugurating office building, temple, school and hospital or at the start of any program or ceremony. There is a tradition of performing kot puja, Nisana puja on the occasion of Bada Dashain and Laxmi puja and illumination on the occasion of Tihar festival. There is a custom of receiving Tika and blessing on the occasion of Bada Dashain. Temples are constructed within the office premises and arrangement has been made for carrying out daily puja in the temple.

There is a formal opening and ending of any of the Police training. It is within the good conduct of the incumbent employees to show adequate respect to the retired Police employees as their seniors. Therefore, there is a reunion of former Police employees on the occasion of Police Day and they are also invited respectfully on other such occasions.



*Former police reunion programme*

There is a tradition among the Police personnel to contribute their one day's salary and help the victims as required by time and situation when Police employees or common people lose their lives in times of natural disaster.

Similarly Police culture of taking part in the mourning procession at times of death of Police employees and expressing condolence to the family of the deceased also remains unchanged.



व.प्र.का. महाराजगञ्जको हाताभित्र निर्मित भगवती मन्दिरको अनावरण

*Unveiling of Bhagawati temple built at Ward Police Office Maharajgunj*



प्र.ना.उ. स्व. कैलाश क्षेत्रीप्रति श्रद्धाञ्जली

*Body of Dy. S. P. late Kailash Chhetri being garlanded*


श्री ५ बडामहारानी सरकारको
स्वर्ण शुभजन्मोत्सवको सुखद् उपलक्ष्यमा
मौसूफ सरकारको सुख, समृद्धिका लागि
हार्दिक शुभकामना व्यक्त गर्दछौं ।



होटल रोयल, बाग्लुङ
न्यू ज्योति होटल, बाग्लुङ
CWHEC AND SCC JOINT VENTURE
MODIKHOLA HYDROELECTRIC PROJECT
रोमी गौचन, कालोपानी गेष्ट हाउस, मुस्ताङ

होटल हिल भ्यू, बाग्लुङ
गुरुङ फोटो सेन्टर, बाग्लुङ
रुचि चलचित्र मन्दिर, म्याग्दी, बेनी
रा.ठे. जयन्द्र लाल थकाली, जोमसोम
मिनी सपिङ कम्पलेक्स, जोमसोम

*नाम : सोमनाथ घिमिरे*
*ठेगाना : कलंकीस्थान, काठमाडौं- १४*
*फोन नं. : २७२७२१ (नि) ४२९७५३ (का)*
*अनुभव : २६ वर्षदेखि नियमित रुपमा पत्रकारितामा संलग्न। हाल युगसम्वादको प्रधान सम्पादक र त्रि.वि.वि. को सह-प्राध्यापक समेत।*



***Name:*** ***Som Nath Ghimire***
***Address:*** ***Kalankisthan, Kathmandu-14***
***Tel No:*** ***272721 (Res), 429753 (Off)***
***Experience:*** ***Engaged in journalism regularly for the last 26 years. Chief Editor: Yugsambad, Reader, Tribhuvan University.***

सत्य, सेवा, सुरक्षाको अवधारणामा आँच आउन नदिन पूर्ण सचेतता र सजगता निरन्तर अपेक्षित छ। थोरै व्यक्तिको त्रुटि, कमजोरी र चारित्रिक दुर्वलताको प्रभाव सिंगो सेवा र व्यवसायमा पर्ने गरेको समेत देखिदैआएकाले नेपाल प्रहरीको सेवालाई निष्पक्ष, विशुद्ध, संस्कारयुक्त र विश्वसनीय बनाउन अत्यधिक प्रयास हुनुपर्दछ। यस्तो प्रयास मुलुककै लागि विशेष उपलब्धिपूर्ण हुन जानेछ। राष्ट्रिय सुरक्षाको सम्वेदनशील तथा अनिवार्य अङ्गका रुपमा विश्वास स्थापित गरेको नेपाल प्रहरी सत्य, सेवा, सुरक्षाको मूलमंत्रबाट सधैं निर्देशित भएर क्रियाशील हुन सकोस्। मेरो यही शुभकामना छ।

There is continuous need for full consciousness and vigilance to preserve the concept of truth service and security. Since it has often been seen that the drawbacks, weaknesses and lapses in moral character of a handful of people has affected the whole service and profession. Maximum efforts should be made to make the police service impartial, clean, cultured and credible. Such efforts will prove to be highly fruitful for the country as a whole. May Nepal Police which has won the confidence as a sensitive and inevitable body of national security be always guided and activated by the motto of truth, service and security. My best wishes.

*नाम : तेजेश्वर बाबु ग्वंग:*
*ठेगाना : सूर्यविनायक, भक्तपुर*
*फोन नं. : ६१००३८*
*अनुभव : ३४ वर्षसम्म वरिष्ठ सरकारी अधिकृतका रुपमा सेवा गरेको, स्वतन्त्र लेखक एवं सामाजिक कार्यकर्ता*



***Name:*** ***Tejeswor Babu Gwang***
***Address:*** ***Suryabinayak, Bhaktapur***
***Tel No:*** ***610038***
***Experience:*** ***Served as senior government officer for 34 years. Freelance writer and social worker.***

अचेल सामुदायिक प्रहरी सम्वन्धमा नयाँ चर्चा परिचर्चा भइरहेछ। सामुदायिक प्रहरीको कुरा गर्दा दुई मूलभूत पक्षलाई छुनु पर्ला। पहिलो, प्रहरी भर्नाका लागि निर्धारण हुनुपर्ने योग्यता। दोस्रो, प्रहरीको व्यावहारिक प्रवृत्ति।

सामुदायिक प्रहरीको अवधारणाले सबै प्रहरीलाई यसै समुदायको सन्तति र समुदाय नै प्रहरी कर्मचारीको गर्भस्थान भन्ने कुराको मर्म बोध गराउंछ। समुदायका लागि प्रहरी र प्रहरीका लागि समुदाय नभई हुन्न। यसैले दुवै पक्षका बीच आपसी समन्वय र सहयोगले मात्र समाज विकासको गति अग्रगामी हुनसक्ने तथ्यप्रति सबै पक्षको ध्यानाकर्षण गराउंदछु।

New comments are heard these days about community police. The community police should incorporate two basic things, the first is qualification to be determined for recruitment in police and the second is practical tendency of police.

The concept of community police makes it clear that all the police staff are the offspring this same community and it is the community from which the police are born. Police and community are indispensable to each-other. Therefore, I wish to draw the attention of all to the fact that progress of the society is possible only through mutual cooperation and coordination between the two.

नाम : भोजराज पोखरेल
ठेगाना : डिल्लीबजार, घट्टेकुलो काठमाडौं
फोन नं. : ४१५६६५
अनुभव : पूर्व गृह सचिव



जनसंख्याको बढ्दो चाप, गरीबी र बेरोजगारी, सम्पन्नता र विपन्नता बीचको बढ्दो खाडल, समाजमा बढ्दै गएको नैराश्यता र स्वार्थीपन, मेहनत नगरी छिट्टै धनी बन्न खोज्ने प्रवृति, आफ्नो औकातले नधान्ने भड्किला व्यवहारको देखासिकी र प्रदर्शन, अव्यवस्थित शहरीकरण र बसोवास, घुमन्ते जनसंख्याको बढ्दोचाप, बढ्दो अन्तर्राष्ट्रिय सम्वन्ध र संचारका नवीनतम साधनहरुको दुरुपयोगबाट श्रृजित अनेकौं किसिमका नयाँ-नयाँ विकृतिजन्य समस्याहरु तथा हालैका केही वर्ष यतादेखि मुलुकका केही भागमा देखिएका शान्ति-सुरक्षासम्बन्धी गंभीर चुनौतीहरु एवं असंख्य प्राकृतिक विपद्हरुको घटनाक्रमले नेपाल प्रहरीको कार्य सम्पादनमा धेरै कठिनता ल्याएको मैले अनुभव गरेको छु। यी विविध किसिमका समस्यालाई निरुपण गर्न एकातर्फ प्रहरी कर्मचारीमा नयाँ शीप, कला र क्षमताको ऊर्जा प्रवाहित गराउनु जरुरी छ भने अर्कोतिर आमरुपमा एउटा सुसंस्कृत, सभ्य र जिम्मेवार नागरिक समाजको निर्माण गर्नुपर्ने खाँचो छ। तसर्थ हाम्रा क्रियाकलाप र प्रयासहरु त्यस दिशातर्फ बढी उन्मुख हुनु पर्दछ भन्ने मेरो मान्यता छ।

**Name:** ***Bhoj Raj Pokharel***
**Address:** ***Dillibazar, Ghattekulo, Kathmandu***
**Tel No:** ***415665***
**Experience:** ***Former Secretary***

| 14/6/1999 | Jajarkot | P/C | Man Bahadur Giri | Laha-4 |
| 13/07/1999 | Surkhel | P/C | Bhim Bahadur Thapa | Awalshingh |
| 13/07/1999 | Kalikot | P/C | Lal Bahadur Bogati | Rajkot |
| 13/07/1999 | Kalikot | P/C | Dutta B.K. | Rajkot |
| 23/07/1999 | Rolpa | P/C | Prem Bahadur Mahatara | Thwang-8 |
| 23/07/1999 | Lamjung | P.H. | Bhakta Bahadur Gurung | Bhoteodar |
| 10/08/1999 | Gorkha | P.H. | Khimbahadur Khatri | Pri.Na.Pa. 5 |
| 11/08/1999 | Kalikot | Dy.S.P. | Kailashkumar Chhetri | Kotwamang |
| 22/09/1999 | Rukum | S.I. | Bhogendra Karki | Mahat |
| 22/09/1999 | Rukum | P.H. | Chandra Bahadur Thapa | Mahat |
| 22/09/1999 | Rukum | P.H. | Asman B.K. | Mahat |
| 22/09/1999 | Rukum | P.H. | Shashiram Rawal | Mahat |
| 22/09/1999 | Rukum | P.H. | Sobha Ram Chand | Mahat |
| 22/09/1999 | Rukum | P.H. | Ek. Bahadur Kumal | Mahat |
| 22/09/1999 | Kabhre | P/C | Suwash Shrestha | Bhimkhari |
| 23/09/1999 | Jajarkot | P.H. | Imatyaj Ahmed | Jagatipur |
| 26/09/1999 | Kabhre | P.H. | Lal Bahadur Nagarkoti | Shikharpur |
| 26/9/1999 | Kabhre | P/C | Arjun Dharel | Bhimkhari |

# नेपाल प्रहरीको अन्तर्राष्ट्रिय सहभागिता

**इन्टरपोल :**



*प्रहरी प्रतिनिधि मण्डल इन्टरपोलको महासभामा भाग लिँदै ।*

विश्वका सबै राष्ट्रहरुले एक जुट भई अपराधको सामना गर्नुपर्दछ भन्ने सोचाइबाट अन्तर्राष्ट्रिय प्रहरी संगठन इन्टरपोलको स्थापना भएको हो । यस संस्थाले राष्ट्र-राष्ट्र बीचमा अपराध अनुसन्धान, नियन्त्रण, फरार अपराधीको पक्राउ गर्ने र सुपुर्दगीको व्यवस्था गर्ने विषयहरुमा समन्वय गर्ने तथा अपराध सूचनाहरुको आदान-प्रदान गर्ने कार्यहरु गर्दछ ।

यस संगठनको हालसम्म १७७ राष्ट्रहरु सदस्य रहेका छन् भने नेपाल सन् १९६७ मा १०० औं सदस्यको रुपमा यस संगठनमा प्रवेश गरेको हो । प्रत्येक सदस्य राष्ट्रहरुका प्रहरी संगठनहरुले राष्ट्रिय केन्द्रीय ब्यूरो (National Central Bureau) को व्यवस्था गरेको हुन्छ र सो इकाइले सबै सदस्य राष्ट्रहरुसँग मिलेर कार्य गर्ने पद्धति स्थापित गरिएको छ । प्रहरी प्रधान कार्यालयमा यस इकाइको स्थापना भई काम गर्ने गरिएको छ ।

प्रत्येक NCB बीच अपराध सूचनाहरुको आदान प्रदान गर्न, थप कार्य योजनाहरु तय गर्न, भविष्यको संयुक्त कार्यशैली निर्माण गर्न र विगत वर्षको कामको मूल्यांकन गर्न प्रत्येक वर्ष इन्टरपोल महासभाको आयोजना गरिन्छ, जसमा नेपालले नियमित रुपमा भाग लिँदैआएको छ ।

**शान्ति पुनर्स्थापन अभियान**

विश्वमा शान्ति स्थापना गर्ने राष्ट्र संघको एकमात्र उद्देश्य रहिआएको छ । विश्वका विभिन्न राष्ट्रहरुमा अशान्ति र समस्याहरु रहने गरेको परिप्रेक्ष्यमा संयुक्त राष्ट्र संघले शान्ति स्थापनार्थ विभिन्न शान्ति मिशनहरु संचालन गरेको छ । नेपाल प्रहरीले पनि राष्ट्र संघको अनुरोधमा विश्वका विभिन्न राष्ट्रहरुमा शान्ति स्थापनार्थ महत्वपूर्ण योगदान पुऱ्याएको छ ।

यस प्रकारका मिशनहरुमा प्रहरी सहभागिताले देशको इज्जत बढेको छ भने संगठनको पेशागत अनुशासन र लगनशीलता विश्व सामू प्रमाणित भएको छ । सर्वप्रथम वि.सं. २०४८ देखि पूर्व युगोस्लाभियाबाट नेपाल प्रहरीले अन्तर्राष्ट्रिय सेवा शुरु गरेकोमा कम्बोडिया, मोजाम्बिक, हाइटी, रुवाण्डा, नेदरल्याण्ड, इराक र पूर्वी टिमोरमा सेवा प्रदान गरेको छ । हालसम्म नेपाल प्रहरीका ८०४ अधिकृत तथा जवानहरुले यस्ता राष्ट्रसंघीय शान्ति मिशनहरुमा कार्य गरिसकेका छन् । यसप्रकार विश्वका विभिन्न राष्ट्रका प्रहरीहरुसँग मिलेर कार्य गर्दा हाम्रा अधिकृत जवानहरुको पेशागत दक्षतामा अभिवृद्धि भएको छ भने अन्तर्राष्ट्रिय भाइचाराको विकास समेत भएको पाइन्छ ।


*यू.एन. मिसन बोस्निया-हर्जगोभिनामा कार्यरत् नेपाल प्रहरीका अधिकृतलाई क्षेत्रीय प्रमुखबाट प्रशंसापत्र प्रदान ।*

# Nepal Police Participation in International Policing

**INTERPOL:**

Interpol, the International Police Organization, has been established with the concept that all countries of the world should unitedly fight against crimes. This Organization coordinates activities such as crime investigation and control, arrest of criminals fleeing after committing crimes in the other countries and their extradition to concerned country and exchanges of crime-related information.

A total of 177 countries have received membership in this organisation to date. Nepal entered this organisation in 1967 as its 100th member. Every member country has established National Central Bureau which works in cooperation with all the member countries. This unit has been established in Police Headquarters from where it operates its activities.

Interpol General Assembly meets every year to exchage crime related information, formulate additional work plans, develop joint future strategies and evaluate performance of the past year.

**PEACE KEEPING MISSIONS :**

To maintain peace in the world is the only goal of the United Nations. It has operated various peace-keeping missions in different parts of the globe to establish peace in view of the unrest and problems found there in. Nepal Police has also rendered its valuable contribution to establish peace in different countries of the world at the call of United Nations.



*AIGP Krishna Mohan Shrestha bidding farewell to the contingent leaving for UN mission to Bosnia*

Participation of Police in this type of missions has enhanced the dignity of Nepal Police on the one hand, and testified to the world the organization's professional discipline and devotion to duty on the other. Nepal Police started its first international service from Yugoslavia in 1991 and has so far served in Cambodia, Mozambique, Haiti, Ruwanda, Netherlands, Iraq and East Timor. A total of 804 Police officers and men have so far served in UN peace keeping missions. During their assignment in UN peace keeping missions where they worked side by side with Police personnel of different countries of the world and our officers and men have enhanced their professional efficiency and developed international brotherhood.



*AIGP Ram Kazee Bantawa bidding farewell to the contingent going to East Timor on U. N. mission*



*SSP Babu Ram Gurung along with the U.N. Police Team during UN SAT Team visit to Chile, Argentina and Uruguay for the selection of UNIPTF civpol monitors in Bosnia and Herzgovina*

# प्रहरीको सामाजिक उत्तरदायित्व

# Social Responsibilities of Police

कानूनको शासन वर्तमान विश्वको चिन्तनको विषय बनेको छ । कानूनको शासनमा असर पुग्ने गरी अपराध र अपराधीको विश्वव्यापीकरण (globalization) भएकोले प्रहरीको सामाजिक उत्तरदायित्व बढ्न गएको छ । यसै क्रममा नेपाल अधिराज्यको वर्तमान स्थितिलाई हेर्दा लागू औषध नियन्त्रण, चेलिबेटी बेचबिखन नियन्त्रण, मानवाधिकार, वातावरण तथा सर-सफाइसम्वन्धी चेतनात्मक कार्यक्रमहरु संचालन गर्नमा नेपाल प्रहरीले उल्लेख्य सफलता हासिल गरेको छ ।

Rule of law is the subject-matter for discussion in the present day world. The social responsibility of the police has been increased due to globalisation of crimes and criminals directly affecting the rule of law. In this context, if we examine the existing condition of Nepal, we find that Nepal Police has accomplished remarkable success in conducting the awareness programmes aimed at drug controlling, drug abuse, girl-trafficking, human rights violations and preservation of environment and sanitation condition.



*लागूऔषध दुरुपयोगविरुद्ध अन्तर्राष्ट्रिय दिवसको अवसरमा आयोजित संक्षिप्त कार्यक्रम*



*Inauguration of training on narcotic drug control by Home Secretary*

### लागू औषध नियन्त्रणतर्फ

लागू औषध नियन्त्रण तथा कानून कार्यान्वयन इकाइलाई एकीकृत कार्यप्रणालीको अवधारणा (A Totally Integrated Concept) बाट परिचालित गरिएको छ । यस इकाइले मुख्यत: लागू औषधसम्बन्धी कानून सुधार, कानून कार्यान्वयन, जनशक्ति विकास र जनसम्पर्क चार किसिमको कार्य गर्दैआएको छ । लागू औषधसम्बन्धी विद्यमान कानूनलाई समुन्नत राष्ट्रको कानूनसँग तुलनात्मक अध्ययन गरी समयानुकूल सुधार गर्नु एक अनिवार्य आवश्यकता रहेको छ ।

कानून कार्यान्वयनअन्तर्गत लागू औषधसम्बन्धी सूचना संकलन तथा विश्लेषण गर्ने, बरामद गर्ने तथा अनुगमन गर्ने जस्ता कार्यहरु गरिएका छन् । जनशक्ति विकासतर्फ आधारभूत तालिम, उन्नत तालिम तथा अध्ययन भ्रमणहरु गराउँदै आइएको छ । लागू औषध सामाजिक अपराधमात्र नभई अन्तर्राष्ट्रिय स्तरको अपराध भएकोले जनसम्पर्कको हद स्वदेशदेखि बाहिरी विश्वसम्म रहन पुगेको छ ।

### Towards drug control

The Drug Control and Law Enforcement Unit has been operated with the totally integrated concept. This unit has been primarily carrying out various functions, such as improving laws relating to drug abuse, enforcing laws, developing manpower and establishing public relations. It is imperative to compare drug abuse-related laws with laws of the advanced countries and accordingly make timely improvement in the laws.

Various activities have been carried out in the process of enforcing laws, such as collecting and analysing information related with drug abuse, seizure of drugs and monitoring. As for the manpower development, basic and advanced training and study visits are organised from time to time. Drug abuse is not only a social problem but also an international one. Therefore, public relation has been established in this regard not only internally but also on a worldwide scale.




*प्र.ना.म.नि. गोविन्द प्रसाद थापा चेलीबेटीसम्बन्धी गोष्ठीलाई सम्बोधन गर्नुहुँदै*



*IGP Achyut Krishna Kharel addressing an interaction programme*

## चेलिबेटी बेचबिखन तथा बाल यौन शोषण रोकथामतर्फ

नेपाल प्रहरी र युनिसेफ बीच सम्पन्न ५ वर्षे सम्झौता अन्तर्गत पहिलो वर्ष १ नोभेम्वर १९९८ देखि ३१ अक्टोवर १९९९ सम्मका लागि विभिन्न रणनीतिहरु बनाइएका छन् । यसअन्तर्गत प्रहरी प्रधान कार्यालय, क्षेत्रीय प्रहरी कार्यालय, उपत्यका प्रहरी कार्यालय तथा केही जिल्ला प्रहरी कार्यालयहरुमा तालिम प्राप्त प्रहरी कर्मचारीको संलग्नतामा महिला सेल गठन गर्ने, पूर्व स्थापित महिला सेल काठमाडौं, ललितपुर, कास्की र मोरङ्को स्रोत-साधन तथा स्तर वृद्धि गर्ने, विभिन्न सरकारी निकायहरु बीच समन्वय कायम गर्ने, प्रहरी प्रधान कार्यालयमा डाटावेस पद्दति लागू गर्ने, नेपाल र भारतीय सीमा प्रहरीबीच सहयोगात्मक वातावरणको सृजना गर्ने, प्रहरी कर्मचारीलाई विभिन्न तालिमको माध्यमबाट क्षमता वृद्धि गर्ने, सिनियर प्रहरी अधिकृतहरुलाई प्रशिक्षक प्रशिक्षण तालिम प्रदान गर्ने तथा जनचेतनात्मक र्‍यालीहरुको आयोजना गर्नेजस्ता रणनीतिहरु तोकिएको समँयभित्र सफलतापूर्वक सम्पन्न गरिएका छन् ।

प्रहरी नायव महानिरीक्षक गोविन्द प्रसाद थापाको संयोजकत्वमा सर्वोच्च अदालतका सह रजिष्ट्रार काशीराज दाहाल, सह-न्यायाधिवक्ता नरेन्द्र प्रसाद पाठक, कानून तथा न्याय मन्त्रालयका सहसचिव माधव प्रसाद पौडेल, प्रहरी नायव महानिरीक्षक ओम विक्रम राणा, अधिवक्ता लव मैनाली, अधिवक्ता छत्र गुरुङ र प्रहरी निरीक्षक उत्तम पाण्डे सम्मिलित मस्यौदा समितिले 'जीऊ मास्ने बेच्ने (कसुर तथा सजायँ) विधेयक' तयार गरी २०५६।४।१४ गते काठमाडौंमा एक अन्तर्क्रिया कार्यक्रम आयोजना गरेको थियो । उक्त कार्यकममा माननीय न्यायाधीशहरु, प्रमुख जिल्ला अधिकारी, सरकारी वकील, एमनेष्टी इन्टरनेशनल र नेपाल मानव अधिकार संगठनका अध्यक्षलगायत विभिन्न विद्वान महानुभावहरुको सहभागिता रहेको थियो । यस अन्तर्क्रिया कार्यकमबाट पारित विभिन्न सुझावहरु बमोजिम यथासंभव परिमार्जन गरी उक्त विधेयकलाई श्री ५ को सरकारमा पेश गरिसकिएको छ । ३८ दफा भएको उक्त विधेयकमा अदालतको अनुमतिबाट ९० दिनभित्र मुद्दा दायर गर्न सकिने, मुद्दाको सुनुवाइ बन्द इजलाशबाट गर्न सकिने, अभियुक्तबाट प्राप्त जरिवाना

## Prevention of Girl-Trafficking and Sexual Exploitation of Children

In conformity with the five-year agreement signed between Nepal Police and UNICEF, various strategies have been evolved for the first year from November, 1998 to October 31, 1999. Under this agreement, various strategies were implemented successfully within the time frame fixed for the purpose, such as setting up women's cell with the involvement of trained police employees in the Police Headquarters, Regional Police Office, Valley Police Office and some police offices, increaseing resources of already established women's cells in Kathmandu, Lalitpur, Kaski and Morang and upgrading their level and establishing coordination among different government units. Other stratigies implemented were establishing database system in Police Headquarters, creating cooperative atmosphere between border police of Nepal and India, enhancing competence of police employees through different training, providing training for trainers to senior police officers and organise pubic awareness rallies.

A draft committee was constituted under the convenorship of Deputy Inspector General of Police Govind Prasad Thapa with Associate Register of the Supreme Court Kasi Raj Dahal, Advocate Narendra Prasad Pathak, Joint Secretary in the Ministry of Law and Justice Madhav Prasad Poudel, Deputy Inspector General of Police Om Bikram Rana, Advocate Lab Mainali, Advocate Chhatra Gurung and Police Inspector Uttam Pandey as members of the draft committee. The committee prepared Trafficking (crime and punishment) Bill and organised an interaction programme on July 30, 1999 in Kathmandu. Participants of the interaction programme included Judges, Chief District Officers, Government Advocates, President of Amnesty International and Nepal Human Rights Organisation. Various recommendations of the interaction programme were further improved upon and the Bill was presented to His Majesty's Government. The Bill which contains 38 clauses

रकमको ७५% पीडितलाई क्षतिपूर्ति बापत उपलब्ध गराउने, सार्वजनिक जवाफदेहीको पद धारण गरेका व्यक्ति वा पीडितका संरक्षकले नै अपराध गरेको खण्डमा थप सजायँ गर्ने तथा मुलुकी ऐन जीऊ मास्ने बेच्नेको महल र जीऊ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन २०४३ लाई खारेज गर्नेजस्ता विशेषताहरु रहेका छन् ।

## सामुदायिक प्रहरी तथा विद्यालय सम्पर्क गतिविधि

प्रहरी कर्मचारी र सर्वसाधारण जनताबीच समन्वय, आपसी सहयोग र विश्वासको वातावरण कायम गरी समाजबाट अपराधलाई न्यूनीकरण गर्दै लैजाने उद्देश्यअनुरुप २०५३ वैशाखदेखि सामुदायिक सेवा शुरु गरिएको हो । यो सेवा हाल काठमाडौंको नयाँ बानेश्वर, चावहिल र महाराजगंजमा संचालित



*सामुदायिक सेवाअन्तर्गत सर्वसाधारण जनताको पीरमर्काको सुनवाइ गरिदै*

छन् । यसले प्रहरी संगठनलाई फोर्सबाट सेवातर्फ उन्मुख भएको प्रमाणमात्र दिएको छैन, यो एउटा यस्तो कोसेढुंगा सावित भएको छ जसले परम्परागत प्रहरी कार्यमा नवीनता प्रदान गरेको छ ।

सचेत नागरिक समाज-उत्थानको आधार हो । यस क्षेत्रबाट अपराधको सूचना आशातीत रुपमा समयमै प्राप्त हुनुपर्ने स्थितिको अपेक्षा अझै गरिएको छ । अपराध घटिसकेपश्चात्को सूचना, घटनास्थलको सुरक्षा, पारिवारिक हिंसा, लागू औषध, यौनजन्य अपराधका बारेमा समेत आमजनता पूर्णतः सुसूचित रहेका छैनन् । यसैले प्रहरी कर्मचारी स्वयं जनताका घरदैलोमा उपस्थित भई आपसी सम्पर्क, सहयोग र सद्भावनाको वातावरण श्रृजना गरी अपराधिक क्रियाकलापलाई हतोत्साहित गर्ने गरिएको छ ।

प्रहरीले सफलतापूर्वक प्रक्षेपण गरेको अर्को कार्यक्रम विद्यालय सम्पर्क कार्यक्रम तथा र्‍यालीको आयोजना गर्नु रहेको छ । यी दुवै कार्यक्रमलाई उच्च प्राथमिकता एवं महत्वका साथ अधिराज्यव्यापी रुपमा संचालन गरिएको छ । विद्यालयका बालबालिकाहरुलाई दिइने अनुशिक्षण तथा र्‍यालीका विषयवस्तुहरुमा मुख्यतः बाल अपराध, ट्राफिक ज्ञान, लागू औषध दुर्व्यसन, सामान्य सुरक्षाका लागि अपनाउनुपर्ने सचेतता, चेलीबेटी बेचबिखन तथा बाल यौन शोषणविरुद्धको चेतना

makes provisions under which cases can be filed with the permission of the court within 90 days, hearing of the case could be done in camera, 75 percent of the amount received as fine from the accused should be paid to the victim as compensation, additional punishment should be given if the crime is committed by people holding responsible positions or if they are guardians of the victim and annul Civil Code's Trafficking Clause and Trafficking Work and Control) Act 1986.

## Community Police and School Liaison Activities

Community service has been started since April 1996 with a view to minimising crimes in the society by maintaining an atmosphere of mutual coordination, cooperation and trust



*A glimpse of School liaison programme*

between the police and the people. This service is now available at Naya Baneswor, Chabahil and Maharajgunj. It has not only changed the police organisation from a force to service but has also proved to be a milestone which has breathed a new life into the traditional policing.

The information about crime is not available to the police in time in the absence of conscious civic society. In the same way, common people are not conscious enough to adopt precautionary measures in advance to ward off possible crimes. The masses are not well-informed about the need to inform the crime after it is committed, about family violence, drugs and sexual crimes, and to protect the scene of the crime. Therefore, police employees themselves visit common people at their doorstep and create an atmosphere of cooperation and goodwill to discourage criminal activities.

School liaison programme and public rally are the other successful programmes launched by the police. Both of these programmes have been implemented in a nationwide scale with top priority and significance. The topics taught to school children during the orientation programme and rally mainly include child crimes, traffic knowledge, drug abuse, precaution measures to be embraced for general security, consciousness against girl-trafficking and pedophile. In the fiscal year 1998-99, thirty-seven

आदि रहेका छन् । आ.व. २०५५।०५६ मा यस प्रकारका कार्यक्रमहरु काठमाडौंमा- ३७ वटा, पूर्व क्षेत्रमा- १२ वटा, मध्य क्षेत्र (उपत्यका वाहेक)- ७ वटा, पश्चिम क्षेत्र- १० वटा र मध्यपश्चिम क्षेत्रमा ३ वटा संचालन गरिसकिएका छन् । यिनको अलावा प्रहरी अधिकृतहरुलाई मानवाधिकारको आवश्यकता एवं महत्व सम्वन्धमा केन्द्रस्तरमा प्रशिक्षण दिलाइने गरेको छ भने अन्य दर्जाहरुका लागि सम्वन्धित जिल्लाहरुमै प्रशिक्षण दिने व्यवस्था मिलाइएको छ ।

## प्रहरी परिवार महिला संघका क्रियाकलाप

प्रहरी परिवार महिला संघले आफ्नो स्थापना कालदेखि नै विभिन्न सामाजिक एवं कल्याणकारी गतिविधिहरु संचालन गर्दैआएको छ । 'आसरा' सुधार केन्द्रको संचालनका अलावा दैवी प्रकोपको दुःखद घडीमा पीडितलाई राहत पुऱ्याउनु, अपांग-असहाय तथा समाजकल्याण परिषद्‌लाई आर्थिक सहयोग गर्नु,



*प्र.प.म.संघकी अध्यक्ष श्रीमती मीना खरेल अशक्त प्रहरीलाई फलफूल वितरण गर्नुहुँदै*

प्रहरी विद्यालयमा छात्रवृत्ति प्रदान गर्नका लागि अक्षयकोष स्थापना गर्नु, कर्तव्यपालनाको सिलसिलामा वीरगति प्राप्त गर्ने प्रहरीका परिवारलाई सहयोग गर्नु, वातावरण संरक्षण अभियानमा संलग्न रहनु, मठ मन्दिर निर्माण र मर्मतसंभार गर्नुजस्ता दायित्वहरु संघले निर्वाह गर्दैआएको छ ।

लागू औषधका दुर्व्यसनीलाई कुलतबाट छुटाउन संघद्वारा संचालित 'आसरा' सुधार केन्द्रलाई व्यवस्थित र प्रभावकारी बनाउँदै लगिएको छ । दुर्व्यसनीहरुमा सच्चरित्रताको विकासका लागि उक्त सुधार केन्द्रमा व्यक्तिगत तथा सामूहिक विधिको अवलम्वन गरिएको छ । पूर्वीय दर्शन बमोजिम योगा तथा धार्मिक प्रवचनको माध्यमबाट असल जीवनयापनको विविध विधिहरु सिकाइन्छन् । यिनका अलावा भ्रमण, खेलकूद, शीप विकास, पारस्परिक छलफल, परामर्श, सामाजिक कार्य आदि क्रियाकलापहरुमा समेत दुर्व्यसनीहरुलाई सरिक गराइन्छ ।

of such programmes were held in Kathmandu, 12 in Eastern region 7 in central region (except valley), 10 in Western region and 3 in mid-western region. Moreover, police officers are given training on the need and importance of human rights at the central level while such a training is given to police employees of other ranks in the districts concerned.

## Activities of Police Family Women Association

Police Family Women Association has been carrying out different social and welfare activities since its inception. Apart from running "Asara Sudhar Kendra" the association has been fulfilling various responsibilities, such as providing relief assistance to victims of natural disaster, providing financial assistance to the disabled and helpless and social welfare council, establishing revolving fund to provide scholarship to Police



*Office-bearers of PFWA distributing sweets to elderly people*

school, helping families of Police staff killed in course of fulfilling their duties, involving themselves in environmental preservation, and constructing and repairing temples and monasteries etc.

Currently, this association has run "Asara Sudhar Kendra" to rehabilitate drug addicts. Individual and group techniques have been adopted in the 'Kendra' to develop good habit among the drug addicts. Various techniques of good ways of living are taught through yoga and counselling in accordance with oriental philosophy. On top of this, drug addicts are also made to participate in various activities, such as visits, sports, skill development, mutual discussion, counselling and social works.

# नेपाल प्रहरीमा सूचना व्यवस्थापन

सूचना व्यवस्थापन संगठनको सफलताको सूत्रधार हो। सूचनाको उत्पादन, प्रवाह र उपभोगको क्षेत्रमा देखिएको प्रभावकारिताले संगठनलाई आधुनिकीकरणको दिशातर्फ उन्मुख गरेको अनुभव गरिएको छ। सूचना व्यवस्थापनतर्फ कार्यरत् प्रहरी प्रधान कार्यालयका केही शाखा तथा महाशाखाको वर्तमान स्वरुप संक्षेपमा उल्लेख गरिएको छ।

**संचार नेटवर्क :**

संचारको क्षेत्रमा भएका नवीन प्रविधिको प्रयोग नेपाल प्रहरीले गर्दैआएको छ। प्रहरी प्रधान कार्यालयमा २०१६ सालमा स्थापित संचार शाखाले हाल वृहत रुप लिन पुगेको छ। अधिराज्यको एच.एफ. नेटवर्कमा २९० वटा स्टेशन, स्थानीय संचार सम्पर्कका लागि भी.एच.एफ.तर्फ ३५० र यु.एच.एफ.तर्फ २५ वेश स्टेशन, ४० रिपिटर स्टेशन, असंख्य मोवाइल तथा हेण्डहेल्ड सेटहरु हाल प्रयोगमा आइरहेका छन्। यिनका अलावा टेलिफोन, टेलेक्स, टेलिफ्याक्स, इमेल र इन्टरनेट सुविधाहरुसमेत नेपाल प्रहरीले समयसापेक्ष रुपमा हासिल गरेको छ।

वर्तमान संचार नेटवर्कलाई विस्तृतीकरण गर्ने सन्दर्भमा केन्द्रमा संचार तालिम स्कूल र पांचवटै विकास क्षेत्रमा मर्मत कक्षहरु स्थापना गरिएका छन्। यसको अलावा वर्तमान रेडियो नेटवर्कलाई सुधार तथा अपग्रेडिङ गर्न रेडियो ट्रंकिङ सिष्टम, रेडियो पेजिङ सिष्टम, सेलुलर टेक्नोलोजी, डिजिटल नेटवर्क, स्याटलाइट टेलिफोन आदिलाई विशेष महत्व दिइएको छ।



*सञ्चार नेटवर्कको एक दृश्य*
*Communication network*

**कम्प्युटर नेटवर्क :**

प्रहरी कार्यहरु छिटो-छरितो रुपमा सम्पादन गर्न विविध पक्षका कम्प्युटर सफ्टवेयरहरु तयार गरी कार्यान्वयन भइरहेका छन्। Internet / E-mail को प्रयोगलाई उच्च प्राथमिकता दिनुका साथै प्रहरी संगठनका क्रियाकलापलाई Internet Website मा राख्नेतर्फ कार्य भइरहेको छ। अन्तर्राष्ट्रिय अपराध तथा प्रहरी कार्यसँग सम्बन्धित अन्य गतिविधिको सूचना प्रवाह गर्न इन्टरपोलको सदस्यको रुपमा नेपाल प्रहरीले X-400 प्रणाली प्रयोग गरिरहेको छ। यसैगरी भविष्यमा नेपाल अधिराज्यभरि केन्द्रदेखि सबै अञ्चल, जिल्लाहरुबीच कम्प्युटर प्रविधिको माध्यमबाट प्रहरी सूचना प्रणालीको व्यवस्था गर्ने लक्ष्य रहेको छ।

# Information Management in Nepal Police

Information management is the key to the success of an organization. The effectiveness seen in the production, flow and use of information gives one the feeling that the organization is geared to modernization. The existing structure of some sections and divisions of the Police headquarters engaged in information management are described here briefly.

**COMMUNICATION NETWORK**

Nepal Police has been using the innovative technology available in communication sector. The communication section, established at the Police headquarters in 1959, has now increased significantly. There are 290 stations in its nation wide H.F. network, 350 V.H.F. and 25 U.H.F. based stations for local communication contact, 40 repeater stations and cordless mobile and hand-held sets are in use. In addition, Nepal Police has also been using telephone telex, telefax, E-mail and Internet facilities in accordance with the need of the time.

Communication training schools have been established in the centre and repairing sections in all the five development regions in an attempt to expand the existing communication network. Apart from this, special importance has been attached to radio trunking system, radio paging system caller technology, digital network, satellite telephone etc to improve and upgrade the existing radio network.

**COMPUTER NETWORK**

Computer software of various areas are being prepared and executed to carry out policing works smoothly and speedily. High priority has been given to the use of Internet and E-mail and works are going on to put activities of the Police organization in Internet website. Nepal Police has been using X-400 system as a member of Interpol to ensure information flow of its activities related with international crime and Police works. In the same way, the future target is to manage information system through computer technology all over the country from the central level to all the zones and districts.

**केन्द्रीय प्रहरी पुस्तकालय :**

पुस्तकालय संगठनको प्रमुख सूचना केन्द्र हो । प्रहरी पुस्तकालयमा प्रहरीको कार्य क्षेत्रमा आवश्यक पर्ने सम्पूर्ण सूचनाहरु संकलन गर्ने प्रयास गरिएको छ । पेशागत ज्ञान बढाउन प्रहरीसँग सम्वन्धित ऐन कानून, सैनिक, विज्ञान, प्रहरी तथा सैनिक इतिहास, नजीर संग्रह, विभिन्न देशका संविधानहरु, यस्तै सामाजिक अपराधसम्वन्धी, तथा मानव अधिकारसम्बन्धी, आतंकवाद तथा प्रतिआतंकवादसम्बन्धी पुस्तक संकलित रहेका छन् भने विविध ज्ञानका लागि धार्मिक, साहित्यिक, चिकित्सा, राजनीति, अर्थशास्त्र तथा सार्वजनिक प्रशासनका पुस्तकहरु उपलब्ध छन् । पत्र-पत्रिकातर्फ नेपाली, हिन्दी र अंग्रेजी भाषाका गरी दैनिक १० प्रकारका दैनिक तथा विभिन्न पत्र-पत्रिका नियमित रुपमा उपलब्ध छन् ।



केन्द्रीय प्रहरी पुस्तकालयमा अध्ययनरत् प्रहरी

*Police readers consulting Police Library*

**Central Police Library**

Library is the main information center of the organisation. Efforts have been made to collect in the library all the information necessary for Police activities. Various books necessary for enhancing professional knowledge are available in the Police Library including related Acts and laws, military science, Police and military history, collection of precedents, constitutions books related with social crimes, human rights, terrorism and counter-terrorism. Similarly, books related with religion, literature, medicine, politics, economics and public administration are available. As for the newspapers and magazines, two types of daily newspapers and various other magazines are regularly made available in the library.

**केन्द्रीय प्रहरी संग्रहालय :**

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव सरकारको गद्दी आरोहणको रजत महोत्सवको सुखद् अवसरमा श्री ५ युवराजाधिराज दीपेन्द्र वीर विक्रम शाहदेव सरकारको वरद् बाहुलीबाट केन्द्रीय प्रहरी संग्रहालयको समुद्घाटन २०५३ मंसीर ९ गते भएको थियो ।

अतीतको अध्ययनले मात्र वर्तमानको मूल्यांकन सम्भव हुन्छ । अग्रज प्रहरीका त्याग तपस्या, वीरता तथा आदर्शले वर्तमान पुस्तालाई मार्गदर्शन गर्न सघाउ पुऱ्याएको छ । भविष्यमा व्यावसायिक ज्ञान, सीप तथा कौशलको प्रवर्धन तथा मूल्यांकन गर्नसमेत यस संग्रहालयले मद्दत पुऱ्याउने विश्वास गरिएको छ । नेपाल प्रहरीमा नयाँ प्रवेश गर्ने प्रहरी अधिकृत तथा जवानहरुदेखि विदेशी पाहुना, प्रतिनिधिसभाका सांसद, विभिन्न विद्यालयका विद्यार्थीहरु र सर्वसाधारण नागरिकहरु समेतले यसको अवलोकन भ्रमण गर्दैआएका छन् ।

**Central Police Museum**

On the happy occasion of the silver jubilee celebration of *His Majesty the King*'s accession to the throne, *His Royal Highness crown Prince Dependra* inaugurated the Central Police Museum in November 1996

The present activities can be assessed only through the study of the past ones. The sacrifice, dedication, bravery and ideals of the pioneer Police personnel in the past have helped to guide the present generation. This museum is expected to promote and evaluate professional knowledge, skill and art in future. Various people including officers and men joining Nepal Police, foreign guests, Members of Parliament, students of different schools and citizens of different life pay frequent visit to observe the museum.

**सूचना प्रवाहको क्षेत्रमा गरिएको प्रयास :**

प्रहरी संगठनले गरेका कामकारवाही तथा सोको प्रतिफल र प्रहरीसम्बन्धी सार्वजनिक महत्व राख्ने कुनै पनि जनचासोका सूचना प्रवाह गर्नु संगठनको दायित्वभित्र पर्न आउँछ । संगठनको कार्यक्षेत्रभित्रको विभिन्न जनसरोकारका सूचनाहरुको सम्बन्धमा पारदर्शिताको नीति अपनाई सूचना प्रवाहको प्रकृयालाई छिटो, छरितो र समयानुकूल बनाउन विभिन्न प्रयासहरु गरिदैआइएका छन् ।

रेडियो प्रहरी कार्यक्रमबाट समाचारमूलक कार्यक्रमअन्तर्गत विभिन्न अपराधका विवरण, प्रहरी अनुसन्धान, अपराध नियन्त्रणका लागि गरिएका प्रयत्न, दैवी प्रकोपमा गरिएका उद्धार कार्य, गोष्ठी, प्रहरी कारवाही तथा क्रियाकलापहरु प्रस्तुत

**Efforts made to ensure information flow**

To ensure smooth flow of information regarding Police activities and their effects and any other police related matter that is of public importance is the responsibility of police organization. The organization continues to make various efforts to make the process of information flow prompt and timely adopting the policy of transparency in relation with various information of public interest that fall within the jurisdiction of the organization.

Reports of crimes, police investigation, efforts aimed at crime prevention, rescue operation during natural calamities, symposiums, police action and activities are presented under the news-oriented radio police programs. The aberrations, degradations and problems affecting the society are presented in awareness

गरिन्छन् । चेतनामूलक कार्यक्रमअन्तर्गत समाजमा देखापरेका विकृति, विसंगति र समस्यालाई नाटक तथा रुपकजस्ता प्रस्तुतिमार्फत् प्रदर्शन गरिएका छन् । एवंरुपमा २०४६ जेष्ठ महिनादेखि नेपाल टेलिभिजनबाट प्रहरी समाचारलगायत वृत्तचित्र, डकुड्रामा, विभिन्न चाड, पर्व र सांस्कृतिक समारोहहरुमा गरिएको सुरक्षा व्यवस्था, उद्धार कार्यजस्ता विषयहरुमा 'प्रहरी अनुरोध'

generating programs through presentations like drama and allegory. In this way "Prahari Anurodh" programme is being aired from Nepal Television including documentary film, docu-drama, security arrangement and rescue works made during different festivals and cultural ceremonies since May 1989.



कान्तिपुर एफ.एम. र उपत्यका ट्राफिक प्रहरी कार्यालयबीच सम्पन्न सम्झौतामा हस्ताक्षर



*Seeking public reaction on current police activities*

कार्यक्रम संचालन गरिदै आएको छ ।

प्रहरी गतिविधि जान्न, बुझ्नबाट कोही पनि वन्चित नहुन् भन्ने उद्देश्यले नेपाल प्रहरीले दैनिक रुपमा समाचार बुलेटिन वितरण गर्दैआएको छ । अधिराज्यभरको कुनै घटनासम्वन्धी तत्कालै समाचार प्रवाह गर्न केन्द्रमा एउटा र क्षेत्रस्तरको सूचना प्रदान गर्न क्षेत्रीयस्तरमा ५ बटा समाचार कक्षहरु स्थापित गरिएका छन् । प्रहरी समाचारलाई छिटोभन्दा छिटो नागरिकसमक्ष पुऱ्याउन समाचार बुलेटिनको अतिरिक्त टेलिफोन सम्पर्क, पत्रकार भेटघाट तथा प्रहरी-पत्रकार अन्तर्क्रिया र सम्मेलनजस्ता माध्यमहरुलाई अवलम्बन गरिएको छ । सूचना प्रवाहलाई व्यवस्थित र स्तरीय बनाउने उद्देश्यले प्रहरी कर्मचारीलाई पत्रकारिता तालिम तथा अनुशिक्षण कार्यक्रममासमेत सहभागी गराउदै आइएको छ ।

Nepal police has been distributing new bulletin to ensure that nobody should be deprived of the opportunity to hear and know about police activities. Six news sections have been established - one at the central level for prompt news flow of any incident taking place in any part of the country and five at regional level to provide regional level information. Various other media like telephone contact, meet the press, police-journalist interaction and seminar have been adopted to make sure that police news reaches the citizens as quickly and possible in addition to publishing the news bulletin. In an attempt to make the process of information flow well-arranged and qualitative, police employees are being sent to participate in journalism training and orientations.



प्र.म.नि. खरेल पत्रकारहरुको प्रश्नको जवाफ दिनुहुँदै

*IGP Kharel answering the questions posed by newsmen*

# अवकाशप्राप्त वरिष्ठ प्रहरी अधिकृतहरूको बिदाइ समारोहको झलक

# GLIMPSES OF FAREWEL CEREMONIES FOR RETIRED SENIOR POLICE OFFICERS



का.मु. प्र.अ.म.नि. रामेश्वर प्रसाद खरेल
*Acting AIGP Rameshwor Prasad Kharel*



प्र.ना.म.नि. राम बहादुर थापा
*DIGP Ram Bahadur Thapa*



प्र.ना.म.नि. रुपाल शम्शेर जबरा
*DIGP Rupal Shumsher JBR*



प्र.ना.म.नि. किशन सिंह गुरुङ
*DIGP Kishan Singh Gurung*



प्र.व.उ. ज्ञान कुमार प्रधान
*SSP Gyan Kumar Pradhan*



प्र.व.उ. लक्ष्मी नरसिंह बादे
*SSP Laxmi Narsingh Bade*



प्र.व.उ. सूर्यध्वज खाँड
*SSP Surya Dhoj Khand*



प्र.उ. प्रताप कुमार बान्तवा
*SP Pratap Kumar Bantawa*

# संस्मरण
# Memoirs



श्री ५ त्रिभुवनका साथमा आई.जी.पी. नरशम्शेर (२००८ साल)
*IGP Nar Shumsher with His Majesty King Tribhuvan (1951)*



नेपाल प्रहरीका जवानहरुबाट भारतीय प्रधानमन्त्री जवाहर लाल नेहरुलाई सलामी प्रदान (२००८ साल)
*A contingent of Nepal Police presenting the guard of honour to Indian Prime Minister Jawahar Lal Nehru (1951.)*



श्री ५ त्रिभुवनबाट सलामी ग्रहण तथा परेड निरीक्षण (२००८ साल)
*His Majesty King Tribhuvan inspecting the guard of honour (1951)*



एलिजावेथ द्वितीयको नेपाल भ्रमणको अवसरमा आई.जी.पी. ढुण्डीराज शर्मा एस्कर्ट गर्दै (२०१५ साल)
*IGP Dhundi Raj Sharma escorting Her Majesty Queen Elizabeth II during Nepal visit (1958)*



गृहमन्त्री बी.पी. कोइराला सलामी ग्रहण गर्दै (२०१८ साल)
*Home Minister B P Koirala accepting salute (1959)*



श्री ५ महेन्द्रबाट प्रहरी तालिम केन्द्र निरीक्षण (२०२३ साल)
*His Majesty King Mahendra inspecting Police Traning Centre (1966)*



श्री ५ महेन्द्र जिल्ला भ्रमणबाट फिर्ती सवारी होइबक्सँदा
आई.जी.पी. पहल सिंह लामा एस्कर्ट गर्दै
***His Majesty King Mahendra** being escorted by IGP Pahal Singh Lama in **His Majesty's** return from district visit*



श्री ५ महेन्द्रबाट शुभजन्मोत्सवको अवसरमा केक काटिबक्सँदै साथमा
आई.जी.पी. रोमबहादुर थापा (२०२६ साल)
***His Majesty King Mahendra** on the auspicious occasion of His Majesty's birthday programme organised by Nepal Police. IGP Rom Bahadur Thapa is also present (1969)*



भारतको बी.एस.एफ. डाइरेक्टरबाट तालिम केन्द्र निरीक्षण (२०२८ साल)
*B.S.F. Director of India inspects the training centre (1971)*



श्री ५ महाराजाधिराज वीरेन्द्र शुभजन्मोत्सवको अवसरमा केक काटिबक्सँदै (२०३५ साल)
**His Majesty King Birendra** on the auspicious occasion of His Majesty's birthday programme organised by Nepal Police (1978)

# खेलकूदका झलकहरु
# Glimpses of Sports



श्री ५ युवराजाधिराज सरकारबाट आठौं दक्षिण एसियाली खेलकूदको कराते खेलमा स्वर्ण पदक विजेता प्र.ह. कृष्णबहादुर राईलाई पदक पहिराइबक्सँदै
**His Royal Highness the Crown Prince** *confering gold medal to Head Constable K.B. Rai declared 1st in Karate event of 8th SAF Games*



आई.जी.पी. शील्ड फुटबलको प्रतिस्पर्धात्मक खेलको एक क्षण
*A moment of IGP Shield Football Competition*



बिराटनगरमा सम्पन्न आई.जी.पी. शील्ड फुटबल २०५५ मा द्वितीय हुने टीमलाई शील्ड प्रदान गर्दै प्रहरी महानिरीक्षक खरेल
*IGP Kharel giving away shield to the runner up team in the IGP Shield Football Competition, 1998*



पोखरामा आयोजित वार्षिक खेलकुद २०५५ मा रस्साकस्सी खेलको जोशिलो क्षण

*Exciting moment during tug-of-war events in the Annual Sports Competition 1998 organised in Pokhara*



वार्षिक खेलकुद २०५५ को रिले दौडको एक दृश्य

*Relay-race in progress*



पिलोफाइट खेलको एक दृश्य

*Pillow-fight*



पदक प्रदान गर्नुहुँदै प्र.म.नि. खरेल

*IGP Kharel awarding medals*

# सचित्र समाचार

# Photo News



श्री ५ महाराजाधिराज सरकारबाट प्र.म.नि. खरेललाई सुप्रसिद्ध गो.द.बा. दोस्रा प्रदान गरिबक्सँदै
His Majesty the King awarding Suprasiddha Gorkha Dakshina Bahu Second Class to IGP Kharel



ब्रिटिश संस्था ओ.डि.ए. का डा. मेल्स आफ्नो कार्यकाल पुरा गरी स्वदेश फिर्ता हुने अवसरमा प्रहरी महानिरीक्षक खरेलबाट उपहार प्रदान
IGP Kharel presenting gift to Dr. Mels from O.D.A. (UK) as he was returning home at the completion of his assignment in Nepal



दीपेन्द्र प्रहरी उच्च आ.मा.वि.को वार्षिकोत्सवको अवसरमा शिक्षामन्त्री योगप्रसाद उपाध्याय श्री ५ महाराजाधिराजको तस्वीरमा माल्यार्पण गर्नुहुँदै
Education Minister Yog Prasad Upadhyaya garlanding His Majesty's photo



प्र.अ.म.नि. प्रदीप शम्शेर जबरा जापानी पाहुनासँग भेटघाट गर्दै
AIGP Pradeep Shumsher JBR with Japanese guests



प्रहरी प्रशिक्षणको गुणस्तर अभिवृद्धि गर्ने सम्बन्धी छलफल कार्यक्रमको एक दृश्य
A discussion programme aimed at promoting the quality of police training



प्र.अ.म.नि. रामकाजी बान्तवा प्र.चौ. सुडाल, भक्तपुरको नवनिर्मित भवन उद्घाटन गर्दै
*AIGP Ram Kazee Bantawa inaugurating the new building of police post at Sudal, Bhaktapur*



प्र.म.नि. खरेल मंगोलियाका प्रधानमन्त्रीसँग भेटघाट र उपहार आदान-प्रदान गर्नुहुँदै
*IGP Kharel exchanging gifts with the Prime Minister of Mongolia*




पशुपति क्षेत्र सरसफाइ तथा जनजागरण कार्यक्रममा सरिक प्रहरी अधिकृत तथा जवानहरु
*Police Officers and men participating in cleaning of Pashupati area and public awareness programme*



त्रिभुवन विमानस्थलमा अवैध भा.रु. पचासी लाख बरामद गरेका नोटहरु
*8.5 million Indian Rupees seized at Tribhuvan International Airport*



सुरक्षा कार्यमा कुकुरको उपयोग
*Police dog used for security check*



प्र.म.नि. खरेल प्रहरी प्रकाशनका उत्कृष्ट लेखकहरुलाई पुरस्कृत गर्नुहुँदै
*IGP Kharel awarding prizes to the best writers of Police Publications*



प्र.अ.म.नि. प्रदीप शम्शेर जबरा प्र.चौ. कटुञ्जे, भक्तपुरको नवनिर्मित भवन उद्घाटन गर्दै
*AIGP Pradeep Shumsher JBR inaugurating the new building of Police Post Katunje, Bhaktapur*



प्र.म.नि. खरेल इण्डोनेसियाका राजदूतसँग भेटघाट तथा उपहार आदान-प्रदान गर्दै
*IGP Kharel exchanging gifts with Indonesian Ambassador*



नेकोन एयरको प्लेन दुर्घटना हुँदा उद्धारमा कार्यरत प्रहरीहरु
*Police personnel working in rescue operation at Necon Air crash site*



सामुदायिक प्रहरी सेवामा राम्रो काम गरेबापत प्रशंसापत्र प्रदान गर्दै प्र.म.नि. खरेल
*IGP Kharel giving away commendation letter for excellent job in community police service*



प्रहरी कार्यमा सहयोग पुऱ्याउनु हुने महानुभावलाई पुरस्कृत गर्नुहुँदै प्रमनि खरेल
*IGP Kharel awarding a public member for assisting police*



काठमाडौं स्थित होटल भ्याली भ्युमा बरामद गरिएको आरडिएक्स
*RDX seized at Hotel Valley View, Kathmandu*



श्री ५ युवराजाधिराज सरकारबाट उत्कृष्ट अनुसन्धानकर्ता
प्र.उ. प्रबल शम्शेर जबरालाई प्रशंसापत्र प्रदान गरिबक्सँदै

*His Royal Highness the Crown Prince awarding certificate to S.P. Prabal Shamsher JBR*



गृहमन्त्री पूर्ण बहादुर खड्का प्रहरी प्रधान कार्यालयको निरीक्षणको क्रममा

*Home Minister Purna Bahadur Khadka inspecting Police Headquarters*



प्र.म.नि. खरेल वीरेन्द्र प्रहरी अस्पतालमा उपचार गराइरहेका प्रहरी कर्मचारीसँग स्वास्थ्य स्थितिको जानकारी लिँदै

*IGP Kharel inquiring about the condition of police personnel admitted in Birendra Police Hospital*



प्र.म.नि. खरेल भोपालका डि.जी.सँग भेटघाट गर्दै

*IGP Kharel meeting Director General, Bhopal Police*



प्र.म.नि. खरेल जनवादी गणतन्त्र चीनका गृहमन्त्रीसँग शिष्टाचार भेट गर्दै

*IGP Kharel paying a courtesy call on Home Minister of Peoples Republic of China*



लुफ्थान्सा कार्गो प्लेन दुर्घटनामा उद्धार कार्यमा प्रहरी अधिकृत तथा जवानहरु

*Police personnel in rescue operation at Lufthansa Cargo Plane crash site*

